# सङ्घीय संसद्

# राष्ट्रिय सभा

# उन्नाइसौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २०८२ माघ १३ गते

# मङ्गलवार

# बैठक सङ्ख्या - ३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू अब माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:१८ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, माडी नगरपालिका राष्ट्रिय निकुञ्ज भित्र पर्छ र त्यतिकै जनावरको आक्रमणबाट जनधनको क्षति र मानव संसाधनको क्षति भइरहेको छ। त्यसै गरेर माडी नगरपालिका एकका भानुको जंगलमा कपडाहरू भेटिएको छ मानवको खोजी भैराखेकोछ। उहाँको अवस्था अज्ञात छ र यस्तै गरेर माडी नगरपालिका कल्याणपुरका २२ वर्षका युवक अशोक भट्टराईको उपचारको

क्रममा गैंडाले हानेर मृत्यु भएको छ। गैंडाले हानेको अवस्थामा उपचारको क्रममा मृत्यु भएको छ। मृतक अशोक भट्टराई प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु साथै परिवारमा गहिरो दुःख व्यक्त गर्दछु। र निकुञ्जले त्यो उक्त परिवारलाई क्षतिपूर्तिको व्यवस्था गरोस् भन्ने कुराहरू राख्न चाहन्छु। धन्यवाद।

(१३:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१३:२० बजे) **मानननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, झापा मोरङ सुनसरी इलाम र उदयपुर लगायतका जिल्लाहरूमा विगतलामो समय देखि हात्ती आतंक भैराखेकोछ। कतिपय मानव बस्ती मानवका घरहरू क्षति गर्ने काम भैराखेकोछ। म नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु र विशेष गरेर स्थायी रूपमा हामीले यो हात्तीको गतिविधिलाई कसरी नियन्त्रण गर्न सक्छौं। मानव सम्पत्ति र मानवीय क्षतिलाई कसरी रोक्न सक्छौं भन्ने कुरालाई मध्यनजर गरेर यो सरकारले कदम उठाओस् भन्ने विषय राख्न चाहन्छु। हस् त धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:२१ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी ,एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सर्लाही जिल्लाको मलंगवा नगरपालिकामा दादुरा रुवेला प्रकोप बढिरहेको छ। २ महिना देखि १४ वर्षका बालबालिका प्रभावित भइरहेका छन् र जिल्ला स्वास्थ्य कार्यालयले केही पहल कदमि लिएको छ तर त्यो पर्याप्त छैन र यो फैलिदैं गएको हुनाले सिमाका अरू पालिकाहरू पनि पर्न सक्ने र सर्न सक्ने अवस्था भएको हुनाले जनचेतना र स्वास्थ्य सरसफाइको माध्यमबाट गर्नका लागि स्थानीय तहले पहल कदम लिनको निम्ति म आग्रह र अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१३:२२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२२ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, जाजरकोट जिल्ला केन्द्रित भएर गएको भूकम्प सभामा दुई वर्ष भइसक्यो। अहिले सम्म राहत योजना अगाडि बढेको छैन नीतिगत कमजोरी, प्रशासन अल्छिपना, गैरस्वभाविताको परिणाम हो वास्तविकता नीति छुटाउनु गैर अपीडित सूचीकृत हुनु अनुदानको वितरणको कागज प्रक्रियाले गरिब र अशिक्षित सबैका लागि बैंक खाता नक्सा पास प्राविधिक स्वीकृति रकिस्ता अनुदानको व्यवस्था नहुनु र दिएका नाममा झनझटिलो प्रक्रिया बनाएर पीडितहरूलाई मर्का पारिरहेको छ। घर बनाउने हिम्मत र भरोसा बढ्दै गएको छ सुरक्षित आवास बनाउनु सरकारको नागरिकको मौलिक अधिकार हो भने घर बनाउन राज्यको दायित्व हो। पीडितहरूका मागहरूमा एक्यबद्धता जायज गर्दै छिटो भन्दा छिटो छरितो सम्बोधन गर्न सरकारसँग माग गर्दछु। धन्यवाद।

(१३:२३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य शारदा देवी भट्ट।

(१३:२३ बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, देशमा राम्रा नराम्रा घटना परिघटना बढ्दो स्थितिमा छन्। यीनै घटना मध्ये रातिमा रक्सी पिएर गाडि चलाउने एक्सिडेन्ट गराउने मान्छे मरेन भने लामो दबाई गर्नुपर्छ भनेर गाडी ब्याक गरेर मारेर जाने क्रम बढ्दो छ। यी यस्ता अपराधीलाई हदैसम्म कानुनी कारबाही होस् या आजीवन कारावास होस् भने कारावासमा हाल्नुहोस् भने अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सुमित्रा वि.सी.।

(१३:२४ बजे) **<u>माननीय श्री सुमित्रा वि.सी.(नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यही २०८२ भाद्र २३ र २४ घटना घट्दा आगजनी गरेर सवारी साधनहरू ध्वस्त भएका छन्। अहिले सुन्नमा आएको छ ती सवारी साधनहरू लिलाम बिक्री गर्ने भन्ने कुरा सुन्नमा आएको छ। मलाई त्यो लिलाम बिक्री नगरेर त्यसलाई म्युजियमको रूपमा भोलिका सम्पत्तिहरूले यतिबेला युवाको नाममा भएको घटना प्रत्यक्ष देख्न पाउन र स्मरण गराउन भन्ने उद्देश्यका साथ त्यसलाई म्युजियम बनाउनु पर्छ भन्ने मेरो माग छ र त्यतिबेला जलेको देश, सिंहदरबार र अदालत, राष्ट्रपति

भवन लगायतका ठाउँमा भएको आगजनीको यो आयोगको काम के भैरहेको छ यो सत्यतथ्य छानबिन गरि दोषी माथि कारबाही गर्ने।

(१३:२५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे समय १२ मिनेट त्यसपछि माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२६ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः-** सम्माननीय अध्यक्ष महोदय, हामी जेनजी आन्दोलन पछि १८ औ अधिवेशन पछि हामी १९ औं अधिवेशन सुरु गरिराखेको छौं। म यो १९ औ अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। यही माघ ११ गते राष्ट्रिय सभाको लागि एक तिहाइ माननीयज्यूहरु निर्वाचित भएर आउनु भएको छ उहाँहरुको शपथ ग्रहण भैसकेको छैन तर म उहाँहरूलाई बधाई दिँदै उहाँहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय, नेपालमा २०७२ सालमा जब हामीले नेपालको संविधान निर्माण गर्यौं नेपालको संविधानमा हामीले नयाँ व्यवस्था पनि निर्माण गर्यौं र युद्धमा भएको माओवादी जनयुद्ध सडकमा भएको आन्दोलन र तिनले उठाएका मागहरूलाई हामीले लिपिबद्ध गरेर हामीले नेपालको संविधान एउटा साझा दस्तावेज तयार गर्‍यौ। त्यतिबेला देखि नै देश प्रतिगामी तत्वहरू पुनर्स्थापनाका लागि छलफल गरिराखेको षड्यन्त्र गरिराखेको अवस्था थियो भने देशी विदेशी तत्वहरुले नेपाललाई स्वतन्त्र ढंगले अगाडी बढेको नेपालीहरूले आफ्नो विषयमा आफै निर्णय गर्न सकेको कुराहरूबाट उनीहरू सन्तुष्ट थिएनन् जसको जगमा पटक पटक देशमा षड्यन्त्रहरु गरिराखे उठाइराखे कहि न कहि बाट खेलाबैला मचाउन सुरु गरिराखे षड्यन्त्रहरु भैराखेको थियो। त्यस्तै घटनाको रुपमा म लिन सक्छु। यो तिनकुनेमा एउटा सभाको नाममा गरिएको तोडफोड आगजनी र यस्ता खालका घटनाहरू भएका थिए। त्यसको विरुद्धमा नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र मेची महाकाली अभियानमा थियो। हुलाकी कार्यक्रमको अभियानमा थियो। उसले जब देश भित्र भैराखेको षड्यन्त्र देखि सकेपछि आफ्नो अभियानलाई स्थगित गरेर भृकुटी मण्डपमा एउटा खबरदारी सभा गरेको थियो। खबरदारी सभाले दलहरूकै नेतृत्वमा भएको सरकार र संघीय लोकतान्त्रिक गणतन्त्र

धर्म निरपेक्षता समानुपातिक समावेशीतालाई स्थापित गर्नका लागि लागिरहेका सबै दलहरू तत्वहरु शक्तिहरूलाई एउटा राहत पुगेको थियो भने माओवादी केन्द्रले विषयहरू उठाएको थियो। भ्रष्टाचारका विरुद्धमा आफूले सरकारमा रहदा खेरि गरेका कामहरूलाई यहाँ हस्तक्षेप गर्न खोजिएको छ नामेट गर्न खोजिएको छ। देशमा भ्रष्टाचारको एउटा चरम चुली अगाडी बढिराखेको छ। यसको लागि एउटा खबरदारी गरेको थियो भने वैदेशिक तत्वहरुले नेपालमा अस्थिरता सिर्जना गर्नका लागि गरिरहेको प्रयत्न पहल जे गरिरहेको छ त्यसको भण्डाफोर गरेको थियो भने देशभित्र भैराखेको प्रतिगामी छलछामका विरुद्ध पनि आवाज उठाएको थियो र त्यो निरन्तर अगाडि बढ्दै मेची महाकाली अभियान हुँदै पहाडी राजमार्ग अन्तर्गतको मध्य पहाडी मार्गको अभियान हुँदै नेकपा माओवादीले यो ढंगको कार्यक्रमलाई अगाडी बढाइरह्यो बढाइरह्यो र निरन्तर खबरदारी गरिरह्यो तर भदो २२/२३ गतेबाटै जेनजीहरुले आन्दोलन उठाइराखेका थिए। उनीहरूको आन्दोलन शान्तिपूर्ण थियो भव्य थियो। ठुलो सहभागितामा शान्तिपूर्ण ढंगले रत्नपार्कमा कार्यक्रमहरू भएको मैले देखिराखेको थिए।

हाम्रो हाउस चलिरहेको थियो तर उहाँहरूले २३ गते बानेश्वर जानेबानेश्वरमा चाहिँ संसद भवन घेर्ने भन्ने जुन कार्यक्रम थियो त्यसको उद्घोषयो माइतीघरबाट सुरु गर्ने बेलामा शान्तिपूर्ण हुनेछ। एउटा रुखको हाँगा पनि भाँचिने छैन फोहोर पनि गरिने छैन। यो आन्दोलन एउटा शान्तिपूर्ण ढंगले अगाडी बढ्ने छ भनेर उहाँहरूले उद्घोष गरेर अगाडी बढेको मलाई आज जस्तो लाग्छ तर त्यो आन्दोलन एउटा मानव हत्यामा परिणत भयो। थुप्रै ती युवाहरूले सहादात गर्नु पऱ्यो र त्यही चाहिँ बानेश्वर पुग्दा नपुग्दै देखि आन्दोलनमा दमन भयो र दमन भैराखेको अवस्थामा पनि हामी एउटा दर्शकको रुपमा जस्तो हामी सहभागी हुन पुग्यौ २३ गते नै हाम्रो राष्ट्रिय सभा आव्हन भएको हुनाले बोलाइएको हुनाले नियमित हाउसका लागि हामी उपस्थित भएका थियौ र हामी भित्र पस्ने अवस्था थिएन। गेटमा चाहिँ तारबार लगाइएको थियो।

त्यतिसम्म सूचना भइसकेपछि कति खतरनाक भैराखेकोछ भन्ने कुराको जानकारी सरकारलाई हुनु पर्थ्यो। थियो होला भन्ने मलाई लाग्छ। किनभने हामी माननीयहरू लोगो लाएर भित्र जाने अवस्था थिएन। गेट नै बन्द गरिएको थियो। त्यहाँ काडेतारहरु लगाइएको थियो भने सरकारले त्यो बेलामा पहल लिनुपर्थ्यो। त्यतिखेर नै गृहमन्त्रीले आफ्ना मातहतका कर्मचारीहरूलाई संयन्त्रहरूलाई यसलाई मानव संहार गर्ने होइन गोले चलाउने होइन यसलाई शान्तिपूर्ण ढंगले रोकथाम गर अगाडी बढ्न देउ बढ त्यसलाई आकलन गरेर मात्रै अगाडी बढ्नु पर्थ्यो र जब गोली चल्यो मान्छे मर्यो एउटा खालको आतंक सिर्जना भयो गृहमन्त्रीले तुरुन्तै पहल गर्नु पर्थ्यो भन्ने मलाई लाग्छ। गृहमन्त्रीले राजीनामा दिनु

पर्थ्यो सामाजिक संजाल माथि लगाएको प्रतिबन्ध फुकुवा गर्यौं भनेर घोषणा गर्नु पर्थ्यो थियो। दलहरूको एउटा संयुक्त बैठक बसाल्न सक्नु पर्थ्यो,आव्हन गर्नु पर्थ्यो। प्रधानमन्त्रीले त्यो खालको कदम चाल्नु पर्थ्यो। त्यसो हुँदा पनि नसक्दा खेरि गृहमन्त्रीले राजीनामा गर्ने प्रधानमन्त्रीले राजीनामा गर्ने संयुक्त सरकारको आव्हन गर्ने गरेको भए २४ गतेको घटना हुनबाट रोक्न सकिन्थ्यो भन्ने कुरा मलाई लाग्छ र धेरैलाई यो कुराहरू लागिराखेको छ। तर त्यस्तो सरकारले गरेन अहम घमण्डका कारणले जे घटना हुन पुग्यो त्यो २४ गते २४ गतेको घटना एउटा विध्वंसकारी घटना भयो जसले गर्दाखेरि हामी धेरै धेरै पछाडी परेका छौं। करोडौंको क्षति आकलन भएको छ त्यसको अझै खोज बिन हुँदैछ एउटा टुङ्गोमा विषयहरू पुग्लान् खोजबिन होलान् कहाँ कहाँबाट के के षडयन्त्रहरु आन्दोलन भित्र भएका थिए भन्ने कुराको खोज बिन होला र यो ढंगले ले अगाडि बढ्दा खेरि हामीले उठाउनु पर्ने गर्नुपर्ने भनेको एउटा संयुक्त सरकार हुन्थ्यो। त्यो सदनलाई एक ढंगले अगाडी बढाएर प्रतिनिधि सभालाई अगाडी लैजाने पर्थ्यो त्यो भएन हाम्रो चाहिँ सर्वोच्च अङ्गहरू ध्वस्त भयो सर्वोच्च अङ्गहरूमा आगजनी भयो र एउटा निर्वाचित सरकार पनि विस्थापित भयो र अर्को जुन सरकार बनेको छ उसको कर्तव्य उसको काम उसको एउटा मिसन भनेको निर्वाचन हो र निर्वाचनमा ठिक ढंगले हामी अगाडी जानका लागि ठिक ढंगले अगाडी लैजानका लागि ठिक ढंगले नेतृत्व छनौट गर्नका लागि म आम जनसमुदायमा अनुरोध अपिल गर्दछु।

आज थुप्रै तामझामहरु भैराखेका छन्। थुप्रै अभियन्ताहरू सडकमा जानु भएको छ र उम्मेदवार बन्नु भएको छ तर सरकार कसले चलाइराखेको छ ? सरकार कसरी चलिराखेको छ ? हिजो मन्त्रीहरू एउटा नागरिक सरकारमा भनेर गएका मन्त्रीहरू आज किन कुनै एउटा दलमा संगठित भएर चुनाव लडिराख्नु भएको छ यो प्रश्न नेपाली जनताहरूमा उठेको छ। के त्यहाँ पनि घुसपेठ र षडयन्त्र भएको छ ? के सरकारका मान्छेहरू पनि घुसपेठ र षडयन्त्र पूर्वक जानुभएको थियो र आज कसरी अभियानहरू चलेका छन् र अर्को कुरा के भैराखेको छ भन्दाखेरिजे कुराहरू निर्वाचनका लागि निषेध गरिएका कुराहरू हुन्छन् त्यसलाई व्यवस्था गरेर त्यसलाई वास्ता नगरिकन न जुन ढंगले उम्मेदवारहरू गइ राख्नु भएको छ बच्चाहरूलाई प्रयोग गरिएको छ बच्चाहरूलाई आफ्नाउम्मेदवारीका टिसर्टहरु लगाउने देखि लिएर नेपाली झण्डाको दुरुपयोग भएको छ। नेपाली झण्डाको दुरुपयोगको सन्दर्भमा गृहमन्त्रीले एउटा वक्तव्य जारी गर्नु भएको छ। त्यति वक्तव्यले पुग्दैन यी सभाहरूका लागि निर्वाचनका सभाहरूका लागि १० वटा झण्डा होइन। म यो रोक्नका लागि म गृहमन्त्री र सरकारलाई अनुरोध गर्दछु। यो झण्डा प्रयोग गर्ने भनेको ठुलो सभाका लागि आम जनतालाई आव्हन गरिएका सभाका लागि एउटा

व्यवस्थित ढंगले राष्ट्रियताको एउटा झझल्को दिनका लागि त्यस्ता ठुला सभाहरूमा सम्मान पूर्वक प्रयोग गरियोस् भन्ने हिसाबले १० वटा झण्डाको कुरा गरिएको हो। आज आम चुनावका लागि १० वटा झण्डा एउटा जुलुसले गर्यो भने एउटा गाउँमा ४/५ करोडबाट जुलुसहरू आइराखेका हुन्छन्। ४/५ वटा पार्टीहरूले अभियानहरू चालिराखेका हुन्छन्। नेपाली झण्डालाई यो चुनावी अभियानमा प्रयोग गर्न हुदैन् टोटल ढंगले रोक्नुपर्छ र यहाँ चाहिँ कारबाहीको कुराहरू पनि गरिएको छ। घाटीमा माला लगाएको झण्डा अहिले कहाँ पुगेको छ कसरी राखेको छ कसले स्यार सम्मार गरेको छ त्यसको खोज बिन गर्न सकिने अवस्था हुदैन् त्यसैले यो झण्डाको दुरुपयोग भैराखेको कुरालाई टोटल सरकारले रोक्नुपर्छ र त्यस्तो सभामा सम्मानित ढंगले सम्मानित ठाउँमा झण्डा उत्तोलन लगायतका अरू कामहरूमा प्रयोग गर्ने कुरा यो कार्यविधिमा लेखेको छ। यो कार्यविधिले निर्देशित गरेको छ र अपराध समितामा अपराधको पनि दण्ड सजायको व्यवस्था गरिएको छ। त्यसैले दुरुपयोग गर्नेहरूलाई दण्ड सजाय गरियोस् रयो लागु गरियोस् र यो चुनावका लागि टोटल झण्डाको दुरुपयोगलाई रोकियोस् भन्ने कुराहरू म राख्न चाहन्छु।

अबको चुनाव भनेकोव्यतीत विकृतिका विरुद्ध भ्रष्टाचारका विरुद्ध र देशमा भैरहेको एउटा वैदेशिक हस्तक्षेपका विरुद्ध भको हुनाले नेपाली जनताहरूले त्यस्ता व्यक्तिहरूलाई त्यस्तो चाहिँ उम्मेदवारहरूलाई छनोट गर्नुपर्छ जसले देशलाई बचाउँछ र म एउटा कुरा के भन्न चाहन्छु भने राजनीतिक व्यक्तित्वहरूका विरुद्ध तमाम गाली गलोजहरु हामीले सुन्दै आयौ देखि रहियौ तर राजनीतिक व्यक्तित्व निर्माण हुनका लागि २०, २५, ३०, ४०, ४५ वर्ष खर्च भएको हुन्छ। आज एउटाले अभियान गर्यो भन्दैमा एउटाले कसैलाई गएर सुमसुमायो भन्दैमा उम्मेदवार हो भनेर मतदाताहरुले चाहिँ एउटा प्रयोग गरौ भनेर आफ्नो मतको दुरुपयोग नगर्नुहोला। त्यस्ता खबरदारीहरूलाई हेर्दै उहाँहरुको अभियानहरूलाई छिचोल्दै सच्चा व्यक्तिहरूलाई उम्मेदवार उम्मेदवारहरूलाई जिताउनका लागि आफ्नो मतको कदर गर्ने व्यक्तित्वलाई जिताउन उनका लागि म आम जनसमुदायहरूसँग अपिल गर्दछु र अबको सरकारले अबको सरकारले गर्नुपर्ने काम भनेको सरकार बनाउँछु प्रधानमन्त्री बनाउँछु मात्रै हैन विकृति विसंगति रोक्छु रोजगारी दिन्छु स्वरोजगारी सिर्जना गर्छु भन्ने कुराहरूलाई चाहिँ अभियानको रुपमा लैजाओस भन्ने कुरा राख्दै मेरो भनाइ अन्त गर्छु। धन्यवाद।

(१३:३८ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य नारायण दत्त मिश्र ११ मिनेट यसपछि माननीय सदस्य गोपाल भट्टराई।

(१३:३९ बजे) <u>**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**</u>:- सम्माननीय अध्यक्ष महोदय, बोलौं भने खुट्टा काँपिरहेका छन्। नबोलौ भने कसले बोलिदिने हो। संसद उही छ सांसद उनै छन्। संसद भवन बदलिएको छ। भवन मात्र होइन परिवेश पनि बदलिएको छ। भाद्र २३ र २४ गतेको घटना हामी बाहिरबाट हेर्नेको लागि अप्रत्याशित जस्तो थियो। सिनेमा हलमा हेर्ने ३ घण्टाको को सिनेमा बनाउन कति महिना वर्ष अनि कति पैसा कति मानवीय शक्ति खर्च भएको छ त्यो निर्मातालाई मात्र थाहा हुन्छ। केही कुरा निर्देशकलाई पनि थाहा हुन्छ। तर त्यस भित्र खेल्ने पात्रलाई लाग्दो हो हामीले गर्दा बनेको सिनेमा हो। त्यस्तै २३ र २४ गतेको घटनामा आफ्ना स्कूलका ब्याग समेत बोकेर गएका विद्यार्थी भाइबहिनीहरुलाई पनि लाग्दो कि हामीले गर्दा भएको परिवर्तन हो। परिवर्तनलाई हामी सबैले आत्मसाथ गरेर हिंड्न मात्र सक्नुपर्ने छैनौ कि त्यसबाट हामीले पाएको सन्देशलाई समेत अनुसरण गरेर हिंड्न सक्नुपर्छ। हामी हिंड्न बाध्य पनि छौ। त्यो समयको याद आउँछ हामी जेनजी जस्तै युवा युवा थियौ। म १७ वर्षको उमेरको थिए। हामी कोही भारतको राजनीतिक व्यवस्थालाई आदर्श मानेर लागेका विद्यार्थी थियौ त केही चीन र रूसको राजनीतिक व्यवस्थालाई आदर्श मानेर अहिले हेर्दा चीन रूस र भारत सबै देशले आफ्नो देशको प्रगति गरेर हामीले छुन नसक्ने ठाउँमा छन् साच्चै भनौं भने १९५० को दशक तिर हाम्रो आर्थिक अवस्था मिल्दो जल्दो थियो अझ कोरियाको कुरा गर्दा हाम्रो वार्षिक आय उस्तै उस्तै थियो तर अहिले हामी तीनै कोरियनहरू कहाँ नोकर बस्न पाउ भनेर हानथाप गरि रहेको दयनीय अवस्था छ। हाम्रा छिमेकी देखिहरु संसार संसारका देशहरू एकचोटी परिवर्तन गरेर आफू सुहाउँदो राजनीतिक व्यवस्था सिर्जना गरेपछि आफ्नो देशको चौतर्फी उन्नतिमा लागे हामी भने आफ्नै कारणले हो कि अरू कसैको आफै आफै धामी आफै झाँक्री भने झै देशको उन्नति कता हो कता खाली व्यवस्थामा मा खोट देखाएर व्यवस्था परिवर्तनको अविचलित दुष्कर कार्यमा मात्रै आफ्नो ध्यान लगाइ रहियौ।

२००७ सालको परिवर्तनले नपुगेर दलीय व्यवस्थालाई नै दोष दोष दिएर निर्विकल्प बनाउँदा पञ्चायती व्यवस्थामा ३० वर्ष बितायौ। जनताको अधिकार खुम्चियो निरंकुशताले ठाउँ पायो भन्दै २०४६ सालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा विकासको बाटो खोज्यौ। यतिले पुगेन अरू थपिदेउ भन्दै २०६२/६३ को जनआन्दोलनबाट राजालाई फाली जनताले बनाएको संविधान

भन्दै संविधान सभाबाट नै संविधान बनायौ र मुलुकलाई दिशा निर्देश गर्ने कोसिस गरि नै रहियौं। भाद्र २३ र २४ गतेको भन्दा अगाडिका परिवर्तन आन्दोलनकै भरमा भएका थिए तर २३ र २४ खासगरी २४ गतेको घटनाले आन्दोलनको बाटो फेरेर तोडफोर आगजनीको बाटोबाट परिवर्तन खोज्न प्रयास गर्यौं। फलस्वरूप संसद भवनमा तोडफोड र आगजनी आगजनी मात्र भएन कि राष्ट्रपति भवन, सिंहदरवार, सर्वोच्च अदालत, विभिन्न प्रहरी पोस्टहरु व्यावसायिक प्रतिष्ठान सहित बिशेश्वर प्रसाद कोइराला, गणेश सिंह, कृष्ण प्रसाद भट्टराई सँग सम्बन्धित ऐतिहासिक धरोहरू खरानी भए। हाम्रो पार्टी सभापति शेरबहादुर देउवाको निजी घर राष्ट्रपति रामचन्द्र पौडेलको निजी निवास तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लगायत पूर्व प्रधानमन्त्री मन्त्रीहरू समेत देशव्यापी व्यापारी र कार्यकर्ताहरू समेत देशभरिका विभिन्न व्यक्तिहरूका निजी निवास सम्पत्तिहरू तोडफोड र आगजनी गरेर संविधानको मौलिक अधिकारको समेत रक्षा गर्ने निकायहरू समेत मौन भए जस्ता देखिए एक पटक रित्तिक रोशन काण्डको बेला केही लक्षण देखिएको थियो अहिले त देख्नेलाई लाज कि कसलाई भने जस्तो भएको छ।

संविधान छैन भनौं हामी बोलिरहेका छौं राष्ट्रिय सत्ता सभा जीवितकै छ। अझ यसको निरन्तरताको लागि निर्वाचन समेत भएर नया सांसदहरू निर्वाचित भएर आइसकेका छन्। उनीहरूलाई पनि बधाई छ। प्रदेश र स्थानीय निकायहरू काम गरिरहेका छन्। संविधान छ भनौं कसरी भनौं प्रधानमन्त्री र मन्त्रीहरू त छन् तर संविधानले पहिचान गर्न सकेको को छैन छ कि छैन म कानुनको विज्ञाता नभएको हुना बोल्ने निकायले बोल्दिनुपर्ने हो। सर्वोच्च अदालत तरौ सितकालको कोइली जस्तै मौन भएर बसेको छ। हामी सानु छदा पढ्थ्यौ। मानौं मौनवती हुन्छ कोइली सितकालमा के बोलौं के नबोलौ खुट्टा कामी रहन्छन्। तर मनले मान्दैन बोल नारायण बोल भन्छ। तिमीले बोल्ने ठाउँ पाएका छौं तिम्रो बोल्ने ठाउँ ठाउँ जीवित बनाइएको छ भनेर मनले भनिरहँदा त्यति एक कुरा एक कुरा अर्को पनि भन्न खोजे विदेशीहरूले नेपाल चिन्नको लागि उहिले उहिले एभरेस्टको देश भनेर भन्थे कतिले गौतम बुद्धको देश भनेर आस्था गर्छन् भने कतिले पशुपतिनाथको देश भनेर अब एउटा कुरा कहि थपिन्छ कि भन्ने डर लागिरहेको छ विदेशीहरुको क्रीडा स्थलको देश।

जेनजीहरुको नाममा भएको आन्दोलनका केहि नकारात्मक सकारात्मक सन्देशहरू छ पनि छन्। जेनजी आन्दोलनले एउटा ठुलो फाइदा देशलाई पुऱ्याएको छ। कतिपय मानिसहरू आफू राजनीतिमा स्थापित हुनको लागि जातीयता त क्षेत्रियताको भावनामा खेल्थे थिए। भड्काउने प्रवृतिले भावनामा खेलेर सजिलो बाटोबाट अगाडि बढ्न खोज्ने गरेका थिए। तर यो आन्दोलनले सबै नेपाली

एक हौं भन्ने भावना विस्तार गरेको छ। युवाहरूलाई कर्तव्य बोध गराएको छ। सँगै एउटा खराब परम्पराको विकास हुन्छ कि भन्ने चिन्ताले पनि सताइरहेको छ कि कसैलाई शासनबाट लखेट्न वैधानिक र वैचारिक बाटोको सट्टा तोडफोड र आगजनी गरि दिने खराब बाटोबाट बाट देशका युवाहरू उद्धत हुन्छन् कि भन्ने डरले सताइ रहन्छ। हामी हेरिरहेका छौं। सिंहदरवारको खरानीको थुप्रो माथि बसेर राज्य संस्थान गर्नेहरुले त्यो खरानी गर्नेहरुको पत्ता लगाउन खोजेका छन् कि कहि त्यसै खरानी भित्र भएका पत्ता लागेका प्रमाणहरु नष्ट गर्नको लागि आयोग बनाएका त होइनन्। शंखा लाग्छ। यो कुरा केहि दिनमा घाम जस्तै सालान् हुने नै छ। २३ २४ गतेको घटना कसले घटायो भन्ने तिर भन्दा पनि त्यसबाट कसले फाइदा लियो को राजनीतिक को राजनीतिमा आधारातमा सुर्य उदाय झैं उदाएका छन्। को शासनको ढुलमुली ग गरि सकेर चुनाव ताक्न पनि पछि नपरेका छन्। संसारमा हरेक अप्रत्याशित घटनाको पछाडी त्यसबाट फाइदा लिनेहरुको नै ताती हुन्छ।

अध्यक्ष महोदय, यो देशले सधैं अरूले लेखि दिएको कथाहरू मात्र आफू पात्र भएर नाटक मन्जन गरिरहेका छन्। वा नेपाली कथानकमा आधारित नाटक खेल्न यस देशका खेलाडीहरू रुचाउँदैनन्। उहाहरु नरुचाउन बाध्य छन् बुझिन सक्नु भयो। भूपी शेरचनको कविता हामी त फकत पाइतला हौं भन्ने हाम्रो देशको नग्न रूप देखाइदिएको को जस्तो लाग्छ हामी आफ्नो कथा आफै लेख्न सक्ने दिन देखिन्छ कि त्यो भन्दा अगाडि नै हो विश्वलाई प्रभुत्व लिन्छु भन्ने अमेरिकाले चीन र भारत जस्ता एसियाका दुई शक्तिशाली मुलुकको बीचमा रहेको नेपाललाई महत्व नदिने कुरै भएन। आफूलाई दक्षिण एसियाको सबैभन्दा शक्तिशाली मुलुकको रुपमा रहेको भारतले भाषा भेष र रीतिरिवाज संस्कृतिको एकरूपता रहेको नेपालमा मा आफ्नो प्रभुत्व जमाउन खोज्नु स्वाभाविक हो। त्यस्तै अमेरिका सहित पश्चिमा प्रभावका मुलुकहरूसँग टक्कर लिन खोज्ने सयौं वर्ष देखि नेपालसँग सम्बन्धित भएर बसेको छिमेकी मुलुक चीनले हाम्रो देशमा गहिरो चासो राख्नु अझ स्वाभाविक नै हो भन्छु। हामीले यिनी नै यथार्थता भएका शक्तिहरूलाई बुद्धिमानी पूर्वक सन्तुलित गर्ने कोसिस गर्नुपर्छ।

बीपीले आफ्नो अन्तिम समयमा एउटा अन्तर्वार्ता दिनु भएको थियो भोला चटरजीलाई उहाँले त्यो अन्तर्वार्तामा एउटा असल गृहिणीको उदाहरण दिनुभएको थियो। त्यो गृहिणीले माथिको छिमेकी होस् कि तलको छिमेकी होस् कि उत्तरको होस् कि दक्षिणको होस् कि पूर्व पश्चिमको सबै गाउँलेहरुसँग उसले गर्ने व्यवहारमा हरेकले विश्वास गर्थे कि यिनले मलाई पुरा विश्वास गरेर्या छन्। त्यस्तै किसिमले हामीले पनि हाम्रो परराष्ट्र नीतिलाई सबैलाई विश्वासमा लिएर अगाडि बढाउनु पर्न सक्नुपर्छ। होइन भने यो देश अझ अर्को भट्कालो र खाडकोलोमा हामी कुनै एउटा बिल्ला लगाएर अगाडि बढ्यौ भने अझ

अर्को भटकालोमा देश जान सक्छ भन्ने कुरामा पनि विश्वस्त रहन अनुरोध गर्दछु। निर्वाचन आएको छ। निर्वाचन निष्पक्ष धाँधली रहित प्रयोगता सम्पन्न गर्न सरकारसँग अनुरोध गर्दछु। निष्पक्ष र धातलनको सँगै निर्भयता साथ निर्भय शब्दको पछाडी जेलबाट कैती भागाउने र हतियार लुट्ने लुटाउने कसै माथि कारबाही भएको छैन। ७०० भन्दा बढी हतियार र ५ हजार भन्दा बढी कैदीहरू बाहिर नै छन् भनिन्छ हतियार र कैदी खोज्ने काममा पछिल्लो दिन प्रगति नहुनुको कारण के हो पहिलो दिनका १९ जना र दोस्रो दिनका ५७ जना सबै मृतकहरू मृतक शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु। श्रद्धाञ्जली प्रकट गर्ने क्रममा हाम्रा माननीय सांसद बलदेव बोहरा प्रति समेत हार्दिक भावपूर्णश्रद्धाञ्जली अर्पण गर्दछु। अहिलेको अवस्थामा सिद्धान्तहरू चाउरिएका छन् लोकतन्त्र मुर्झाउन खोजेको छ तर लोकप्रियतावाद झाँगिदैं गएको देखिन्छ। लोकप्रियतावाद झाँगिदैं गएको देखिन्छ त्यसकारणले सिद्धान्तको रक्षा गर्नको लागि पनि हामीले एक कदम अगाडी बढ्नुपर्ने आवश्यकता छ। सबै जेनजी भाइबहिनीहरु हो तपाईहरुलाई लाई म सम्मान गर्छु। धन्यवाद जय नेपाल।

(१३:५१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोपाल भट्टराई समय १४ मिनेट यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:५१ बजे) **<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त यसै संसदका सदस्य माननीय बलदेव बोहोराको निधन भएको छ यही अवधिमा उहाँ प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। अस्ति माघ ११ गते भएको राष्ट्रिय सभा निर्वाचनबाट निर्वाचित सम्पूर्ण सदस्यहरू प्रति हार्दिक बधाई तथा सफल कार्य सफल तथा उत्कृष्ट कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, अहिले यो १९औं अधिवेशन चलिरहेको अवस्थामा हामी अधिवेशन विशेष र जटिल परिस्थितिमा सुरु गरेका छौं। अहिले प्रतिनिधि सभा नरहेको अवस्था छ। गत भाद्र २३ गतेको जेनजी युवाहरूको आन्दोलन र सोही दिन अपरान्ह देखि उनीहरूबाट अपहरण गरि २४ गते सम्म देशलाई तहसनहस गर्ने आतताई घटनाले देशको अवस्था जर्जर भएको छ। निर्वाचन घोषणा भैसकेको छ। निर्वाचनको प्रक्रिया अगाडी बढेको छ तर अझै पनि निर्वाचन भैहाल्छ कि हुदैन् भन्ने कुरामा संशय बाकी नै छ जनताहरू त्यो अझैढुक्क हुन सक्ने अवस्था छैन। विभिन्नआचार संहिता उल्लंघनका तथा जनता र राजनीतिक पार्टीहरूलाई आतंकित गर्ने काम भैरहेको छन्। आर्थिक क्रियाकलाप निष्क्रिय प्राय छन्। बजेट द्वारा विनियोजित आयोजनाहरू

कार्यान्वयन गर्ने सुरसार छैन। बजेट मार्फत सम्बोधन भएका जन सरोकारका आयोजनाहरू ठप्प छन्। यस्ता आयोजनाहरू अगाडी नबढ्दा जनता निराश छन्। त्यसैले यो अधिवेशनले यी आवाजहरूलाई उठाउनु पर्छ र यो जनताका सरोकारका विषयहरूलाई आयोजनाहरूलाई अगाडी बढाउन सरकारलाई बाध्य पार्नुपर्छ भन्ने मलाई लाग्छ।

अध्यक्ष महोदय, अहिले चुनावी प्रक्रिया अगाडि बढेको छ। हामी पार्टी र पार्टीबाट प्रतिनिधित्व गर्छौं। चुनावमा पनि हाम्रो भूमिका रहन्छ। त्यसकारण अबका बैठकहरू प्रभावित हुन सक्ने सम्भावना पनि छ उत्तिकै छ। त्यसतर्फ पनि ध्यान जान जरुरी छ। यो सरकारले कामको सुरुवातमै संसद माथि को हस्तक्षेप बाट सुरु गरेको छ। संसदीय दलका कार्यालयहरू बन्द प्राय छन्। कर्मचारीहरू हटाइएको छ। विधायिकी कार्यको लागि जनशक्तिको अभाव छ। जनशक्ति बिनाको विधायिकी कार्य सांसदले कसरी गर्न सक्छन् अहिले हामीलाई महसुस भएको कुरायो सबै हामी सांसदहरूलाई महसुस भएको कुरा हो। यसतर्फ अनि यो सदनको ध्यान जानु जरुरी छ। यो सरकारले संसदलाई हस्तक्षेप गरेर सरकार संसद कसरी चल्छ भन्ने मलाई लाग्छ। त्यसो भएर संसद प्रतिको सरकारको चाहिँ जुन दृष्टिकोण छ यो गलत छ।

अहिले एउटा अर्को घटना पटाक्षेप भएको विभिन्न जिल्ला अदालतमा रहेका रवि लामिछाने लगायतका विरुद्धका मुद्दाहरू सहकारी ठगी सम्पत्ति शुद्धीकरण र संगठित अपराध सम्बन्धी मुद्दालाई कमजोर बनाउनको लागि अभियोग संशोधन गर्न महान्यायाधिवक्ताको कार्यालय खास गरेर महान्याधिवक्ताको पहल कदमिमै यो कार्य अगाडी बढेको छ भन्ने सुनि भनिएको छ। र त्यसको विरुद्ध सर्वोच्चमा मुद्दाहरू पनि भएका छन्। कार्यालयले जिल्ला सहकारी वकिल कार्यालयलाई निर्देशन दिएको छ भन्ने कुरा बाहिर आएको छ। सुरु मुद्दामा रवि लामिछानेको नाम नरहेको भन्ने छ रे। त्यस्तो सुनिन्छ। अरू थुप्रै जालझेलका कुराहरू पनि होलान्। स्मरण गर्नुपर्ने कुरा के छ भने सुरु मुद्दा दर्ता गर्ने बेला आफै गृहमन्त्री रहेको र नाम समावेश नगर्न को निम्ति प्रेसर गरेको भन्ने कुरा त्यतिखेरै बाहिर आएको थियो। त्यतिखेरै ती कुराहरू चाहिँ बाहिर छ्यासछ्यासती भैक्या थिए। त्यसो भएको हुनाले योयसमा कुनै तुक छैन कि त्यतिखेर उसमा नाम सुरु मुद्दामा नाम नभएको भन्ने कुरामा कुनै तुक छैन भन्ने मलाई लाग्छ। जसरी अहिले राज्य संयन्त्र प्रयोग गरेर मुद्दा कमजोर बनाउन खोजिएको छ। दोहोरो नागरिकताको मुद्दा सर्वोच्च अदालतमा कायमै छ। अब फैसला तर्फ जानुपर्ने मुद्दा संशोधन तर्फ लाग्नु के जायज हो मलाई त लाग्छ यो आपत्तिजनक कुरा हो। त्यसो भएको हुनाले त्यसतर्फ सरकार नजाओसअर्को एउटा उखान छ नि उल्टा चोर कोतवालको डाँटे जो चोर छ उसैले कोतवाललाई

यो हिन्दी उखान हो भने जस्तै अरू राजनीतिक पार्टीका नेताहरूलाईप्रति लक्षित गर्ने उनीहरूलाई भ्रष्टाचारी हुन् भन्ने तर भ्रष्टाचारलाई आफैले भ्रष्टाचार गर्ने र भ्रष्टाचारलाई संरक्षण गर्न सरकारले संरक्षण गर्ने यस्तो खालको अहिलेको अवस्थालाईकसरीयो सकारात्मक र राम्रो भन्न सकिन्छ यो अवस्था अहिले को अवस्था पुस्ता हो जेनजी पुस्ताको स्वच्छ माग खास गरेर सामाजिक संजाल बन्द गर्ने कुरा र भ्रष्टाचार आदि भ्रष्टाचार आदि थिए। त्यसलाई भड्काएर २३ गते को अपरान्ह पछि देखि नै आन्दोलनलाई नै हाइज्याक गरेर गर्ने काम भयो। राज्यको मुख्यता सिंह दरबारसर्वोच्च अदालत र संसद भवन तथा प्रहरी कार्यालयका र हतियार कब्जा मुख्य रहे मुख्य मुद्दाहरू रहेका अदालतहरू पनि छोडिएको छैन।

जेल फोड्ने कैदी भागाउने भाग्ने र उपरोक्त कामहरू सम्पन्न भएपछि फेरी जेल फर्किने कुराले ले पनि आशंकालाई बल पुऱ्याएको छ। आशंका मात्रै होन यो त प्रमाणितकै जस्तो भैक्या छ। त्यसो भएको हुनाले र यसै सन्दर्भमा जेलबाट भागेका कैदीहरू खास गरेर अपराधिक कैदीहरू बाहिर रहने र हतियारहरू बाहिर रहने र चुनाव घोषणा गर्ने र यो चुनाव कस्तो हुन्छ कस्तो चुनाव हुने हो भन्ने कुरामा हामीले आशंका गर्ने ठाउँ धेरै छ। यस्तै शृंखला पछिको कडी त हैन यो मुद्दा कमजोर बनाउने खेल पनि भन्ने मलाई लागेको छ। यो मुद्दा कमजोर बनाउने खेल अध्यक्ष महोदय अहिले देश ग्रे लिस्टमा छ। संगठित अपराध सम्पत्ति शुद्धीकरण जस्ता मुद्दा लाई कमजोर बनाउन राज्य संयन्त्र नै लागेर अपराधहरूलाई प्रोत्साहन गर्ने हो भने अब ब्ल्याक लिस्टमा जान कसैले रोक्न सक्छ देशलाई अब त देश ब्ल्याक ब्ल्याकलिस्ट तिर जाने खतरा बढ्यो। किनभने सम्पति शुद्धीकरणयो त कानुन निर्माण गरेर सम्पत्ति शुद्धीकरण गरेर भन्ने अन्तर्राष्ट्रिय समुदायको हामीले जहाँ हस्ताक्षर गरिया छौं उसले चाहिँ भनेको कुरा हो। त्यसो भएर यसलेके देखाउँछ भने अझै देशलाई खालडोत्तेर लैजाने विदेशी शक्तिहरू चलखेल गर्ने सम्भावना चाहिँ बढ्दै गएको छ। त्यसकारण यस्ता क्रियाकलाप रोक्न संसदमा व्यापक बहस गर्नु जरुरी छ भन्ने मलाई लाग्छ। यो सरकार गठन हुँदा सुशासन र स्वतन्त्र निर्वाचनको म्यान्डेज लिएर गठन भएको थियो। सुशासनका नाममा राजनीतिक नेताहरूको उछितो काट्ने काम भयो। अहिले ती मुद्दाहरू कहाँ गए उचित यो भ्रष्टाचार उ भ्रष्टाचार उ भ्रष्टाचार भनिएका ती मुद्दाहरू कहाँ गए अहिले त सरकार आफ्नै हातमा छ। त्यो सरकारले किन गर्दैन गर्नु पर्यो नि यसले के देखाउँछ भने विषयहरूलाई सार्वजनिक खपतका लागि उठाउने मात्र थिए र केहि व्यक्तिहरूलाई उन्मुक्ति दिने र देशलाई असफल राष्ट्र बनाउने अनि विदेशी हस्तक्षेप निम्त्याउने खालको परिस्थिति सिर्जना गर्न खोजिँदै छ यसतर्फ संसद चनाखो हुनुपर्छ।

अध्यक्ष महोदय, संसद चनाखो भएन भने अझै पनि त्यो खतरा कायमै छ। राष्ट्रिय सभाको १८ औ महाधिवेशनले हामीले केहीराम्रा कामहरू अगाडि बढाएका छौ। खास गरेरहाम्रो निर्वाचन मण्डल सितछलफल अन्तरक्रिया गर्ने नियमित गर्ने कुरा सुरु गरेका छौं। र विधेयकहरू हामीले धेरै पारित गऱ्यौ। यो अधि अधिवेशनमा १०-१२ वटा नै यकिन संख्या त मलाई अहिले छैन। पारित गर्यौं होला। न्यून संख्यामा मात्रै प्रमाणीकरण भएर केहि उसमा गए शून्यमा गए प्रतिनिधि सभा विघटन भएको कारणले त्यसो भएको हुनाले अब हामीले गर्नुपर्ने कामहरू उक्त गत अधिवेशनमा राम्रै गऱ्यौ भन्ने मलाई लाग्छ र विधेयकहरूकोसंख्याबढी भए पनि हामीले प्रमाणीकरण सम्म पुऱ्याउन सकिएनत्यसमाअब त्यो आकस्मिक दुर्घटनाको कारण नै हो भन्ने मलाई लाग्छ म यो सभामा आइसकेपछि गत अधिवेशनमा जति विधेयकहरू अरू अधिवेशनमा अगाडि बढेका थिएनन् र पारित भएका थिएनन्। अब योप्रक्रियालाई अझ व्यवस्थित रुपमा अगाडि बढाउन संसद सफल होस् र अहिले यही अवस्थामा पनि दुइटा विधेयकहरूअगाडि बढेका छन्। र अब प्रतिनिधि सभानिर्वाचन भैहाल्यो भने प्रतिनिधि सभा आएपछि र भएन भने पुनस्थापित होला। पुनस्थापित भएपछि विधेयकहरु अगाडि बढ्ने छन् भन्ने कुरा आशा गर्न सकिन्छ। यति कुरा राखेर मेरा भनाइहरू अन्त्य गर्छु। धन्यवाद।

(१४:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे समय १२ मिनेट। यसपछि माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१४:०५ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरू सबैमा हार्दिक अभिवादन। हामी १८औं अधिवेशनदुःखका साथ पिडादायक अवस्थामा अन्त्य भएको थियो र १९ अधिवेशनको आव्हन भएको छ। माघ ४गते देखि हामी सभा सञ्चालनहरू गर्दै आएका छौं। यो बीचमा दुःखदायी घटनाहरू पनि हामीले बेहोर्यौं। हाम्रै राष्ट्रिय सभाको संघीय सांसद राष्ट्रिय सभाका माननीय सांसद बलदेव बोहराको पुष ३० गते असामयिक निधन भएको छ। उहाँ प्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र जुन भाद्र २३ र २४ गतेको आन्दोलनमा ज्यान घुमाउनेहरू प्रति म श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। र उहाँ घाइतेहरू, बिरामीहरू प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र जेनजी आन्दोलनहुनुभन्दा अगाडि हाम्रो देशमा अनौठो अनौठो खालको घटनाहरू घटिरहेका थिए। सरकारको काम कारबाही र प्रतिपक्षको भूमिकाको कुराहरू सन्दर्भमा हामी थियौ र सरकारमा प्रतिपक्षमा हुनुपर्ने पार्टीहरू ठुला पार्टीहरू दुवै मिलेर सरकार

बन्यो। सरकार बनेको तेस्रो दिनमा मेरो बोल्ने पालो परेको थियो। त्यो बेला मैले भनेको थिए ठुला दलको सरकार भन्दाखेरी, यो देशमा शान्ति स्थिरता र सरकारको निरन्तरता हुन सक्नुपर्छ।

यदि यस्तो भएन र भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने काम तिर सरकार लाग्यो भने, यो देश विध्वंस हुनसक्छ भनेर मैले त्यो बेला नै बोलेको थिए। फलस्वरूप परिणाम मान्छेहरूले ठुलो दलको सरकार हेर्दै गए र अन्त्यमा जेनजी आन्दोलनको नाममा हामीले त्यो बेला पनि १८औं अधिवेशन चलिरहेको बेला हामीले सरकारका सञ्चारमन्त्रीलाई सबैजसो माननीयहरूले खबरदार गरेका थियौं। अहिले सामाजिक सञ्जाल बन्द गर्नु हुँदैन। यो सामाजिक सञ्जालले विश्वका विभिन्न देशहरूमा हाम्रा आफन्तहरूसँग, हाम्रा परिवारसँग, हाम्रा आमा, बुवा, भाइ, बहिनी, घर परिवार, छोराछोरी जोडिएका छन्। यो कुरा हामीले गर्नु हुँदैन भनेर सरकारलाई खबरदारी गरेका थियौं। उहाँले भन्नुभएको थियो तपाई धेरै जनाले भन्दा त मैले गल्ती गरेछु, क्या होफुलको आँखामा फुलकै र काँडाको आँखामा काँडै संसार के भन्ने जस्तो उखान उहाँले गर्नु भएको थियो। त्यो बेला महसुस गर्नु भाको थियो। तर महसुस मात्रै गर्नुभयो। हामीले भनेको मानेको भए, कार्यान्वयन गरेको भए यस्तो अवस्था आउने थिएन। त्यसो भएको हुनाले अहिले जुन सरकार बन्यो २३ र २४ गते जुन आन्दोलन भयो। हामी २३ गतेगेटमै बसेर भित्रै जान खोजेका थियौं। आगो लागि रहेको थियो। हामी आगो निभाउन पनि जान तयार थियौ। तर पुलिसले हामीलाई आदेश छैन भनेर गेटमा रोकेपछि, हामी गेटको बाहिरै बसेर हाम्रो देशको सुरक्षाकर्मीहरूले कस्तो भूमिका निर्वाह गरिरहेका छन् ? हाम्रो देशको सरकारले के गरिरहेको छ ? आन्दोलनकारीहरूले के गरिरहेका छन् ? प्रत्यक्ष रुपमा हामीपनि विद्यार्थी आन्दोलन देखि आएका आन्दोलनकारी हामीले हेरिरहेका थियौं। हेर्दा खेरीमा, कुनै त्यहाँ पानीको फोहराहरू थिएन, लाठी चार्जथिएन, जब १२/१ बजे तिर मान्छेहरूले ढुङ्गा हान्छन्, पानीका बोतल भित्र फाल्छन्, त्यो बेलामा एउटा मान्छेलाई गोली लाग्छ, हामीले त्यो दृश्यलाई हामीले हेरेर बस्नु पर्यो, हामीले हेरेर बस्यौ। यस्तो खालको अवस्था त्यो सुशासनको नाममा, पारदर्शिताको नाममा जुन खालको अवस्था सरकारले ल्यायो सरकारले गर्नुपर्ने थियो सरकार त्यो बेला कहाँ थियो। त्यो बेला हाम्रो चाहिँ दनदनी लागेर २४ गतेको दिनसिंहदरबार जल्यो, शीतल निवास जल्यो, सर्वोच्च अदालत जल्यो। हाम्रो मिटिङ गर्ने हलमा कोही हामी, कोही बाहिर, कोही भित्र भयौं। हाम्रो संसद भवन जल्यो। त्यो बेला सरकार कहाँ थियो ?सरकार हेलिकप्टर चढेर तछाड र मछाडले भागिरहेको थियो। र त्यो भागिरहेकोसरकार यतिमात्र पूर्व नेताहरूलाई, मन्त्रीहरूलाई पनि लगेको थियो। हामीले कुनै नेताहरूलाई सम्पर्क गर्न खोज्दा, सरकारलाई सम्पर्क गर्न खोज्दा, सम्पर्क पनि नहुने अवस्था थियो। मोबाइलहरू पनि उनीहरूको नियन्त्रण भित्र थिएन। आज देश चलाउनु पर्ने

जिम्मेवारी बोकेका नेताहरूको अवस्था बहाल। यो कसले बनाएको हो ? कसले निम्त्याएको हो ? यसको खोज अनुसन्धान गर्न जरुरी छ कि छैन ? आज हाम्रो थुप्रै धरोहरू जल्दा खेरीमा नेपालीको मन रोएको छ। हाम्रो सम्पत्तिहरूको नष्ट भएको छ। यो सम्पत्ति त जसलाई पनि चाहिने थियो नि।

आज यसरी जलिरहेको छ र कतिपय मान्छेहरूलाई लागेको छ, हाम्रा नेपाली युवाहरू नेपालमा रोजगारको सिर्जना गर्न नसकेर वैदेशिक रोजगारमा गएका छन्। करिब २०० मुलुकहरूमा गएका छन्। ती नेपालीहरूले विदेशमा बसेर जागिर खाएका छन्। जागिर खाएका कारणले गर्दा खेरीमा उनीहरूको नुन खाएको कारणले गर्दा के नेपाल माथि हमला हुँदा खेरीमा पनि उनी टुलुटुलु हेरेर बस्छन्, भन्ने विदेशीहरूलाई लागेको हो। हाम्रा नेपालीहरूले त्यस्तो गर्ने छैनन्। नेपाल आमाको छाती माथि लात बजार्दा नेपाल माथि वैदेशिक हस्तक्षेप हुँदा बुट बजार्दा हाम्रा विदेश गएका नेपालीहरू पनि युवा दाजुभाइ दिदीबहिनीहरू पनि स्वदेश फर्किने छन् र यो देशको राष्ट्रियताको निम्ति, यो देशको संरक्षणको निम्ति, नेपाल आमालाई बचाउनको निम्ति तयार हुनेछन् भन्ने मलाई लाग्दछ। यति मात्र होइन, जेनजी आन्दोलनको आडमा प्रधानमन्त्री कसलाई बनाउने, मन्त्री कसलाई बनाउने भनेर सेना र यहाँका स्थानीय जनप्रतिनिधिको बीचमा वार्ता गरेर जुन मन्त्रिमण्डल बन्यो। जुन सरकार बन्यो, त्यो सरकार के का लागि बनेको हो ? जेनजी युवाहरूको मागहरूलाई सम्बोधन गर्नको निम्ति, यो देशमा भ्रष्टाचारलाई नियन्त्रण गर्नको निम्ति, सुशासन गर्नको निम्ति, पारदर्शी गर्नको निम्ति, नेपाली जनताको विकास गर्नको निम्ति बनेको हो। आज ती कसम खाएका जेनजीको आडमा मन्त्री बनेका मन्त्रीहरू कहाँ छन् ?मन्त्रीहरू कहाँ गए यो देशको महत्त्वपूर्ण मन्त्रालयहरू सम्हाल्ने, सूचनाको हकको सम्हाल्ने, ऊर्जाको सम्हाल्ने, शिक्षाको सम्हाल्ने जस्ता मन्त्रालयका मुख्य मन्त्रीहरू कहाँ छन्। आज आफ्नो प्रतिबद्धतामा यो सरकार अडिक छ। यो सरकारले जनतालाई दिन्छु भनेको सुशासन जेनजीहरूको पुरा गर्छु भनेको माग प्रति यो सरकार जवाफदेही छ। यो सरकार जवाफदेही छ कि, यो सरकारले आफ्नो मैदान छोडेर भागि सक्यो। केही मान्छेहरू भागिसके। यो मैदान छोडेर भागि सकेका छन्। केही मानिसहरू हुनुहुन्छ। जसले देशलाई माया गर्नुहुन्छ। इमानदार पूर्वक चाहे राष्ट्रिय सभाको चाहिँ समितिमा होस्, चाहे हाउसमा आएर आफ्नोडिउटी पुरा गरिरहनु भएको छ। अरू मन्त्रीहरू खोइ ? हामीले यो देशमा एक जना दुई जनालाई मात्रै बनाएको हो र जेनजीको आन्दोलनमा त थुप्रै जनाले मन्त्रीबनेको हो। कोहीले मैदान छोडेर भाग्ने, कोही चाहिँ कुनै कुरामा जवाफदेही हुन नपर्ने। जेनजीले गरेको माग जेनजीले खोजेको कुरा यस्तो हो यस्तो त हो भन्ने हामीलाई लाग्दैन। यस्तो हुन पनि सक्दैन। यसो भएको हुनाले, आज जेनजीको आडमा बनेको सरकारकामन्त्रीहरूले पुराना दलहरू बेठीक छन्। नयाँ

दलहरू ठिक छन्, भन्ने कुरा हामीलेजेनजीहरूले बनाएको मन्त्री त नागरिक समाजका अगुवाहरू होइनन्। आफ्नो दायित्व पुरा गरेर मैदानमा उत्रिनु पर्ने हो। फेरी पनि यस्ता कामहरू गर्ने अवसरहरू आउन सक्ने। आज हामीले त्यो देखेनौ दलहरूलाई गाली गर्नको निम्ति सडकमै पुगेको देख्यौ र उनीहरू पनि राजनीति कुनै न कुनै बहानामा राजनीति पार्टीहरूसँग पुच्छर जोडिएर टाउको हल्लाएको हामीले देखेका छौं। त्यसैले गर्दा हामीलाई विश्वास छैन। यो सरकारलाई यो सरकार प्रति हाम्रो विश्वास पनि छैन। जनताका माग पुरा गर्छ भनेर लक्षण देखाउँछ। एउटा राम्रो काम गरेको छ। त्यसको लागि हामीले धन्यवाद भन्छौ।

फागुनको २१ गतेको निर्वाचनको घोषणा गरेको छ। निर्वाचनका आवश्यक प्रक्रियाहरूलाई पुरा गरेर राजनीतिक दलहरू र सरकारले निर्वाचनले आफ्नो कामहरूलाई अगाडी बढाएको छ। यसको लागि हामी सरकारलाई धन्यवाद भन्छौं। यो जनाआदेश अनुसार जनभावना अनुसार नेपालीजनताको मन, मुटुमा बसेर जसले नेपाली जनताको सर्वोत्तम हित गर्न सक्छ। ती मान्छेहरूलाई विजयी गराउनको निम्ति धेरै कामहरू अझै गर्न बाँकी छ। यो सरकारले गएको आर्थिक वर्षदेखि अहिलेको आर्थिक वर्ष २०८१/०८२ को २०८२/०८३ को योजनाहरूको काम हामीले जनताको योजनाहरू त्यसै पेश गरेका होइनौं। यो सरकारलाई लागेको छ। सहयोगीहरूले फाइल लिएर गएर भ्रष्टाचारको कुरा गरे। त्यहाँ कमिसनका कुरा गर्यो भन्ने त्यस्तो अफवाह फैलाएको पनि हामीले सुनेका छौं। हामीले मागेका माग भनेको त्यहाँका जनताको, त्यहाँका युवाहरूलाई रोजगारी बनाउने, त्यहाँको पर्यटकीय क्षेत्रको विकास गर्ने, त्यहाँ होमस्टे चलाएर जनताहरूले आफूले उत्पादन गरेका खाने कुराहरू आउने पाहुनाहरूलाई खुवाउने, त्यहाँ आफ्नो गाउँमा कृषिका कामहरू गरेर तरकारीहरू, बाख्रीहरू सजिलो गरी पहुँच मार्ग सम्म पुऱ्याएर, बाटासम्म पुऱ्याएर बेच्न सक्ने गरी हामीले मागेका योजनाहरू यस्ता हुन्। त्यसो भएको हुनाले, कुन खालको योजनालाई प्राथमिकता दिनु पर्दछ। सरकारले राम्रोसँग दुरदराजबाट आएका २/४ वटा योजना अरबौंका योजना हरेक कुराहरू आफ्नो क्षमताको आधारमा आफूले चाहिँ वर्गीकरण गरेर योजनाहरूलाई अगाडी बढाउनु पर्छ। के सरकार विकास विरोधी हो र ?सरकार विकास विरोधी होइन भने विकासका कामहरू सुरु गर्नु पर्दैन। माघ, फागुन, चैत,वैशाखसम्म हामीले विकासका कामहरू सम्पन्न गर्नुपर्ने हुन्छ। असारमा हाम्रो चाहिँ अन्तिम हुन्छ, मूल्याङ्कन गर्ने बेला आउँछ। कहिले काम गर्ने हो ? कि कामै नगर्ने सुत्ने हो ? यो कुरा त जनताले खोजेको छ र उहाँहरूले उत्तर दिनुपर्ने हुन्छ र यति भनेर अन्त्यमाम के भन्न चाहन्छु, भने केही कुराहरू अन्त्यमा के कुरा छ, भनेकञ्चनपुरको एउटा विद्यालयमा सरस्वती पूजा गरिरहेको बेलामा जातीय विभेद गरेर पातमा सहायक प्रधानाध्यापकलाई

टीका दिएको को भन्ने कुरा हामीले सुन्न सुनेका छौं। सामाजिक सञ्जालमा आएको छ। हामीले खोजेको समाज अहिले पनि जातीय विभेद हो। हिजो पनि हाम्रो चाहिँ विधान व्यवस्थापन समितिमा मैले यो कुरा उठाउँदै थिए। महिला भनेको, दलित भनेको, पछाडी परेको अहिले पनि वर्ग हो। त्यहाँ कुनै विपन्नताको कुरो होइन। आज सहायक प्रधानाध्यापक जस्तो मान्छेले अनि जातीय विभेद भयो भने जागिर छोड्ने हाम्रो समाज छ। अहिले पनि कहाँ छ, यस्ता कुराहरूलाई हामीले ध्यान दिनु पर्दछ। भन्ने मनलाई लाग्छ र अन्त्यमा म के भन्न चाहन्छु भने अहिले महत्त्वपूर्ण विधेयकहरूको चर्चा भएको छ। हामीले महत्त्वपूर्ण विधेयकहरू चर्चा गरिरहँदा, राष्ट्रिय यो राष्ट्रिय सम्पत्तिको संरक्षणको कुरा, पर्यटनहरूकोव्यवसायको कुरा, स्थानीय सरकारलाई कसरी बलियो बनाउन सकिन्छ, स्थानीय सरकारका अधिकारहरूलाई कसरी चाहिँ अनि स्थानीयसँग बलियो बनाउने र सरकारसँग पुऱ्याउने सफल बनाउने, प्रदेश सरकारलाई कसरी बलियो बनाउन सकिन्छ, भनेर हाम्रो धेरै मेहनत गर्नु भएको छ। माननीयहरूले र आगामी दिनमा हामीले गरेका हामीले बनाएका नीति नियमले स्थानीय सरकार, प्रदेश सरकार अझै बलियो भएर जानेछ र यो सरकारले पनि(……समय सकिएको।)

(१४:१८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य किरण बाबु श्रेष्ठ समय १२ मिनेट। यसपछि माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१४:१८ बजे) **माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आज परिवर्तित राजनीतिक सन्दर्भमा भारी मनका साथ बिथोलिएको मनस्थिति बोकेर यो परिवर्तित हलमा फेरिएको हलमा आज उभिएको छु। नबिर्सौं भन्दा पनि बिर्सनै नसक्ने बिर्सौं भन्दा पनि बिर्सनै नसक्ने भाद्र २३ र २४ को घटनाले हामी सबैलाई झकझकाइ दिएको छ। त्यो युवा विद्रोह, त्यो जेनजीको विद्रोहले, हाम्रो चल्दै गरेको संसद १८औं संसदलाई पनि स्थगित गराइ दियो र त्यो विद्रोह २३ गतेको विद्रोह जेनजी युवाहरूले आव्हन गरे। त्यो कुनै ठुलो माग पनि थिएन भन्ने मलाई लाग्छ। ती मागहरू धेरै पहिला देखि उठिरहेका मागहरू हुन्। ती मागहरू, ती आवाजहरू हामीले यही सदनमा पल्टाएर हेर्यौं भने हिजो हामीले बोलेका आवाजहरूलाई हामीले बोलेका अभिव्यक्तिहरूलाई हेर्यौं भने यही सदनमा हामीले धेरै पटक उठायौं। सरकार लोकप्रिय काम गरेन। सरकारले भ्रष्टाचारको अन्त्य गर्ने काम गरेन। र सरकार सुशासनमा अगाडी बढेन। हुँदा हुँदा हामीले त अन्तिममा भनेकै थियौं। सामाजिक

सञ्जालको विधेयक यो सदनमा पेश भएको थियो। त्यो विचाराधिन थियो। छलफलमै थियो। त्यो सामाजिक सञ्जालको विधेयकलाई हामीले पुनर्विचार गर्नुपर्छ। जनताको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नु हुँदैन। नियमन गर्ने नाममा नियन्त्रण गर्नु हुँदैन भनेर हामीले पटक पटक यहाँ बोल्यौं। तर सरकारले सुनुवाइ गरेन। जुन कुरो हुनु पर्थेन, नहुनुपर्ने कुरो, गर्न नहुने कुरो समयको गतिलाई नचिनीकन सामाजिक सञ्जाल बन्द गरि दियो। हाम्रा आवाजहरू सुनिएन। यो आवाज सुनिएन भने हामीले यहाँ उठाएका मुद्दाहरूलाई यदि सरकारले सही ढङ्गमा सम्बोधन गरिएन भने जनता आज असन्तुष्ट छन्। कुनै पनि बेला जनता विद्रोहमा उठ्न सक्नेछ भनेर हामीले सचेत गराएकै हौं।

अन्त्व गत्वा हामीले उठाएका मागहरू लिएर जेनजी आन्दोलन भयो। कुनै ठुलो माग थिएन भनेर हामीले पनि त्यसलाई धेरै गम्भीर रुपमा लिएनौ। मलाई लाग्छ सरकारले पनि लिएन। गर्नुपर्ने सचेतना गरेन र भाद्र २३ गते शान्तिपूर्ण रुपमा अगाडी बढ्ने आन्दोलन माइतीघरबाट अगाडी आउँदा आउँदै बीचैमा त्यसले अशान्तिपूर्ण रूप लिन थालेपछि आयोजकहरूले यसलाई फिर्ता लगिसकेको थियो। तर आन्दोलन आव्हन गर्न सजिलो हुन्छ। आन्दोलनलाई व्यवस्थित गरेर नियन्त्रण गर्न यदि सकिएन भने त्यो अनियन्त्रित हुन्छ। त्यो अनियन्त्रित भीडले जे पनि गर्न सक्छ, त्यही भयो। त्यो आन्दोलन, त्यो जुलुस अपहेलित भयो.....। हाम्रो संसद.... भयो त्यसका कारण निरपराध ती युवाहरू आफ्नो ज्यान गुमाउन पुगे र यसलाई समयमै यदि सम्बोधन गर्न सकेको भए २३ गतेको बेलुका नै २४ गतेको घटना हुन्थेन। हामीले धेरै पटक सुन्यौं, भनिसक्यौं यहाँ धेरै साथीहरूले भनि सक्नु भयो। यसो गरेको भए यसो हुन्थ्यो होला, यसो गरेको भए यसो हुन्थ्यो थियो होला। त्यो अनुमानको कुरा थियो। यद्यपि यो निश्चित थियो। २३ गते नै यदि हामीले सरकारले यसलाई बुझि दिएको भए २४ गतेको विहवंश हत्या, २४ गतेको त्यो विध्वंस, २४ गतेको त्यो आतंक हुने थिएन। तर २४ गते धमिलो पानीमा माछा मार्ने शक्तिहरू जसले दाउ हेरेर बसिरहेका थिए। २४ गते आतंक मच्चियो। २४ गते यो मुलुकको सबैभन्दा महत्त्वपूर्ण अङ्ग, राज्य सत्ताको ३ वटा अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका। सर्वोच्च अदालत माथि आक्रमण भयो, आगजनी भयो र ध्वस्त पारियो। आक्रोश हुनु एउटा कुरा हो। तर राज्यको सर्वोच्च निकायहरू माथिलाई नै समाप्त गर्नु त्यो निश्चय नै आन्दोलन हुँदै होइन। त्यो आतंक हो, त्यो विध्वंस हो। व्यवस्थापिका संसद जलाउनु एउटा घर मात्र जलेको छैन। त्यो जलाउनु भनेको जनताको आवाज जलाउनु हो।

सिंहदरबार एउटा भवन मात्र जलेको होइन। सिंहदरबार जलाउनु भनेको कार्यपालिकाको इतिहास जलाउनु हो। अनि सर्वोच्च अदालत जलाउनु भनेको भवन मात्र निश्चय नै जलाउनु होइन। नेपाली

जनताले सबैभन्दा अन्तिममा पाउने न्यायको आशा गर्ने थलो न्यायालयलाई जलाउनु हो। त्यति मात्र होइन, धेरै नेताहरूको घर जले सेनाको परमाधिपति राष्ट्रपतिको भवन जलाइयो र यो मुलुकलाई असफल राष्ट्र बनाउने प्रयत्न भयो। तर हामी आज टुलुटुलु यो सरकार हेर्नुपर्ने अवस्था आयो। यो सर्वोच्च सम्पूर्ण सुरक्षा निकाय टुलुटुलु हेर्ने अवस्था किन आयो। यसको समीक्षा भोलि इतिहासले गर्ला। यसपछिका दिनहरू राष्ट्रपति सम्माननीय राष्ट्रपतिज्यूले भन्नुभएको थियो, बडो जुक्तिले संविधान जोगायौं भनेर भन्नु भएको थियो। थाहा छैन, त्यो कस्तो जुक्ति भयो। यो संविधान अन्तर्गत संविधानको एउटा धाराको त्यान्द्रो समातेर सरकार बन्यो। संसद विघटन भयो र छ महिना भित्र निर्वाचन गर्ने म्यान्डेट सहितको सरकारलाई म्यान्डेट दिईयो। यो संविधान सम्मत भयो कि भएन, कानुन सम्मत भयो कि भएन, यो कुरा कालो कोट धारीहरूले व्याख्या गर्नु होला। हामी त्यतातिर धेरै व्याख्या गरेर कुरा गर्ने तिर नलागौं।

यद्यपि बनेको सरकारले, यो नेपालको संविधान २०७२ को सपथ खाएर, ६ महिना भित्र निर्वाचन सम्पन्न गर्ने कुरा गरेको छ। त्यस मानेमा अब संविधान जोगिएको छ। कोमामा पुगे पनि घिटीघिटी भए पनि संविधान जोगिएको छ भन्ने कुरामा हामीले विश्वास गर्यौं। र छ महिना भित्र निर्वाचनको मिति तोकिएर निर्वाचन अगाडी बढिरहेको छ। र संविधान जोगाउने भनेको संविधानलाई डिरेलबाट रेलमा ठिक लिगमा ल्याउने भनेको निर्वाचन हो भन्ने सबै राजनीतिक पार्टी राजनीतिक दलहरूले महसुस गरेर अहिले हामी सबै निर्वाचनमा हुमिएका छौं।

अब यो निर्वाचनमा हुमिदै गर्दा म एउटा आज अर्को गम्भीर नैतिक प्रश्न पनि बोकेर यहाँ उभिएको छु। निर्वाचन गर्न जिम्मेवारी बोकेका मन्त्रिमण्डलका मन्त्री महोदयहरू मैदान छोडेर भाग्नु भएको छ। अन्तिम कालिन मैदान छोडेर भाग्नु भएको छ। बिस्तारै पर्दा उघ्रिदैं छ। हिजोको आन्दोलनको र अबको दिनका पर्दाहरू भोलि अझ उघ्रिदैं जालान् मन्त्रीहरू आ-आफ्नो पार्टीका ओडारको खोज्दै निर्वाचनमा हिडिसक्नु भएका छन्। त्यसबाट के बुझिन्छ, हिजो मन्त्री पदमा बस्ने शपथ खाने निर्वाचन गर्ने अभिभारा बोक्ने तर निर्वाचन हुनु भन्दा पहिला नै त्यहाँबाट भाग्ने अब यो कस्तो निष्पक्ष चुनाव होला भोलि। हामी अनुमान गरौं हिजो मन्त्री पदमा बस्दा लिएका उहाँका सत्ता, शक्ति, गाडी, घोडा त्यसको दुरुपयोग गरेर आफ्नो चुनाव लड्ने क्षेत्रमा प्रयोग भयो कि भएन होला ? अनि त्यसबाट निष्पक्ष चुनाव होला ? यो हामीले शङ्का गर्ने ठाउँ रहेको छ। तर जेहोस् उहाँहरूको अधिकार हो। उहाँहरूले राजीनामा पनि दिन पाउनु हुन्छ। जहाँसम्म दिनु पनि भयो होला। तर एउटा नैतिक प्रश्न आज यो मुलुकमा उठेको छ। यो नैतिक प्रश्नको जवाफ निश्चय नै भोलि जनताले चुनावी मैदानमा दिने

नै छ। अब यो अन्तरिम गभर्मेन्टको सरकारले जो रेफ्री हो। सिठ्ठिसिठ्ठी फालेर रेफ्रीको सिटी फालेर अर्का आफ्नो चाहिँ पार्टीको ज्याकेट ओढेर गोल हान्न दौडेको छ। त्यसबाट अब भोलि के होला त्यो त हुँदै जाला नैतर पुराना दलहरूलाई निर्वाचनबाट नामेट बनाउनु पर्छ भन्ने भाष्य सिर्जना गरेर केही नयाँ भनिएका राजनीतिक पार्टीहरू पनि लागिरहेका छन्। आज यहाँ प्रश्न छ, यो मुलुकमा प्रजातन्त्र, अधिकार, लोकतान्त्रिक अधिकार, यो संविधान कसले ल्यायो। ती पुराना राजनीतिक दलहरूले होइन। यतिको बोल्न सक्ने अधिकार कसले ल्यायो ती राजनीतिक दलहरूले होइन। त्यसकारण राजनीतिक दलको पात्रले काम गलत गरेका हुन सक्छ। यसको विषयमा धेरै कुरा बहस गर्दिन। तर राजनीतिक दल स्वयम् सम्पूर्णलाई दोसको भागी बनाएर तथाकथित भ्रम जनतामा फिँजाएर। एउटाले जुन जनतालाई दिकभ्रमित बनाउने कोसिस गरिरहेको छ। त्यो बाट हामी सजक र सचेत हुनुपर्छ भन्ने मलाई लाग्छ। मलाई एउटा अब्राहम लिङ्कनको यहाँ भनाई याद आएको छ। तपाई जनतालाई केही समयको लागि मूर्ख बनाउन सक्नु होला। केहीलाई सधैंको लागि मूर्ख बनाउन सक्नु होला तर सबैलाई सधैंको लागि मूर्ख बनाउन सक्नुहुन्न। धन्यवाद।

(१४:३० बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य गोपी बहादुर सार्की आछामी समय १२ मिनेट।

(१४:३१ बजे) **<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, म सर्वको प्रथम त हाम्रो राष्ट्रिय सभाका माननीय बलदेव बोहराको यही ३० गते मृत्यु भएको छ। म उहाँ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र उहाँको परिवार उहाँका पार्टीका सबै साथीहरूलाई हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। यो १९औं अधिवेशन सफलताको निम्ति पनि म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। यो १९औं अधिवेशन अघि माननीय ज्यूहरूले भनेको जस्तै १८औं अधिवेशन हामीले सुखद ढङ्ग अन्त्य गर्न पाएनौं। एउटा दुःखद ढङ्ग नै अन्त्य भएको स्थिति हो र यो १९औं अधिवेशनको लागि राष्ट्रिय सभाको अध्यक्ष, सचिवालय, सबै दलबाट प्रतिनिधित्व गर्नुहुने सबै माननीय साथीहरू र विशेष गरेर राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको पहल कदमी भूमिका र सरकारले पनि त्यसप्रति देखाइएको चासो, चिन्ता र यो परिस्थिति सिर्जना भयो। त्यसको लागि म मेरो आफ्नो तर्फबाट, दलको तर्फबाट पनि हार्दिक धन्यवाद र आभार

व्यक्त गर्न चाहन्छु। त्यसैगरी अहिले भर्खरै १८ जना माननीयज्यूहरू निर्वाचित भइ सक्नु भएको छ। उहाँहरूप्रति सपथ ग्रहण केही समय फागुन २१ पछि नै होला। म उहाँहरूलाई पनि हार्दिक बधाई तथा उहाँहरूको कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु। हाम्रो दलको तर्फबाट दलका आदरणीय नेता माननीय डा.बेदुराम भुसाल, प्रमुख सचेतक माननीय मदन कुमारी शाह (गरीमा) र सचेतक माननीय गंगा कुमारी बेलबासेले जिम्मेवारी पाउनु भएको छ। म उहाँहरूलाई पनि उहाँहरूको कार्यकाल सफलता पूर्वक होस् हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

यो चुनावी सरकार हो। देश चुनावमय भइसकेको छ र हामीसँग अब चुनाव भन्दा बाहेक लोकतन्त्रको संविधानको रक्षाको लागि कुनै विकल्प र बाटो छैन र हामी त्यो भन्दा फरक ढङ्ग चाहिँ सोच्न सक्ने परिस्थितिमा छैनौं। मात्रै, म के भन्न चाहन्छु भने शान्तिपूर्ण होस्। जेनजी आन्दोलन पछि हतियारहरू लुटिएका छन्। बन्दीहरू बाहिरै छन् र राजनीतिक पार्टीहरूको बीचमा एउटा तिक्तता पूर्ण स्थिति पनि बन्दै गइराखेको मैले अनुभूति गरेको छु। केही नयाँ पार्टीहरू जो चुनावी मैदानमा निस्केका छन् र केही पुराना पार्टीहरू हिजो जो जेनजी आन्दोलनको सेरोफेरो र परिस्थितिको बीचमा सरकारमै रहेर सरकारकै नेतृत्व गरिराखेका राजनीतिक पार्टीहरूको बीचमा जुन खालकोतिक्तता पूर्ण ढङ्गको अभिव्यक्ति छ। यो अभिव्यक्तिले कतै अप्रिय खालका घटनाहरू घट्ने हुन् कि भन्ने एउटा चिन्ता छ। तर सरकारले हिजो मात्रै गृह सचिवको नेतृत्वमा एउटा सुरक्षा देश बनाएर चाहिँ शान्तिपूर्ण तरिकाले सहज ढङ्गले चुनाव अगाडी बढाउने भन्ने निर्णय गरेको छ। त्यो निर्णय स्वागत योग्य पनि छ र त्यही ढङ्गले निर्वाचन शान्तिपूर्ण तरिकाले अगाडी बढोस्।

संविधान, लोकतन्त्र र यो परिवर्तनका उपलब्धिहरूलाई संस्थागत गर्ने, त्यसलाई रक्षा गर्ने, त्यसलाई विकास गर्ने र जनभावना अनुकूलको चाहिँ सरकार बनाउने र जनभावना अनुकूलको यो देशको परिवर्तित परिस्थिति र विकासको माग अनुसार नै जाने परिस्थितिसिर्जना होस् र यसमा हामी सबै राजनीतिक पार्टीको तर्फबाट सकारात्मक ढङ्गले भूमिका खेल्नुपर्छ भन्ने विषय पनि म राख्न चाहन्छु। भदौको २३ र २४ गतेकोजुन जेनजी आन्दोलन छ। जेनजी आन्दोलन बारे मानिसहरूका थुप्रै धारणाहरू र टिका टिप्पणीहरू छन्। मैले यसलाई दुई पार्टमा हेर्नुपर्छ भन्ने ढङ्गले सोचेको छु र म २३ गते जुन घटना भइराखेको थियो। त्यो बेलामा राष्ट्रिय सभाको सम्माननीय अध्यक्षज्यू र हामी सँगै थियौं। केही माननीयहरू पनि। हामी बैठकको तयारीमा बानेश्वर जाने हिसाबले त्यही तयारीमा हुँदा हुँदै बानेश्वर तर्फ जुलुस अगाडी बढिराखेको छ र त्यो बानेश्वरको ब्यारियर तोड्यो। राष्ट्रिय सभा अथवा संसद भवन तिर आन्दोलनकारीहरू अगाडि बढिराखेका छन् भन्ने सूचना आइराखेको थियो र हामी

हिँड्न रोकिएका थियौं। त्यो सूचना आएको ५/७ मिनेट पछि गोली चल्यो भन्ने सूचना आएर केही भाइ बहिनीहरू मारिए भन्ने सूचना आयो। त्यसपछि बेरियर तोडेर संसद भवन तिर आन्दोलनकारीहरू प्रवेश गरिसके भन्ने आयो। हामी चिन्तित कहाँ निर थियो भने केही माननीयहरू त्यहाँ बसिसक्नु भएको थियो। महासचिव, सचिवालयका कर्मचारी साथीहरू संसद भवन भित्रै बैठकको तयारीको लागि गइ सक्नु भएको थियो। उहाँहरूको सुरक्षाको बारे पनि त्यतिकै चिन्ता बढिराखेको थियो र राष्ट्रिय सभाले अध्यक्षले आफ्नो तर्फबाट अब कसरी पहल कदम लिन सकिन्छ।

सुरक्षा निकाय सँगको कोर्डिनेसन, सरकार सँगको कोर्डिनेसन यो पनि पहल उहाँले लिन खोजी राख्नु भएको थियो। तर परिस्थिति त्यति सहज भएन अप्रिय खालकोघटना घट्यो। त्यसमा तत्कालीन जो सरकारको नेतृत्व गरी राख्नु भएको राजनीतिक पार्टीका नेता, साथीहरू, पूर्व प्रधानमन्त्री, मन्त्री लगायतका पार्टीका साथीहरूको असाध्यै अहंकारपूर्ण जुन दंभपूर्ण एउटा दुई तिहाइको दंभ थियो। त्यो दंभले पर्याप्त काम गरिराखेको थियो र निर्दोष बच्चाहरू जो स्कूलको ड्रेसमा मारिए। अनावश्यक क्षति भयो। त्यो परिस्थिति सिर्जना हुन दिन हुँदैन थियो। त्यसमा सरकारको एउटा अलि निरंकुश तरिकाको जुन दंभ देखियो। सामाजिक सञ्जाल माथि प्रतिबन्ध लाउने जुन खालको कदम उठायो सरकारले। त्यो कदमको कारणले गर्दा खेरी त्यो एजेन्डा साना भाइ बहिनीहरूले उठाएका थिए। यद्यपि सिडीओसँग अनुमति लिन जाँदाखेरी पनि साना साना भाइ बहिनीहरू नै गएको भन्ने बुझिन्छ। तर के थियो भने, त्यो सबै हातमा मोबाइल हुने ३ करोड नेपाली जनताको एजेन्डा जस्तो बनेको थियो। त्यसमा सरकार, सुरक्षा निकाय लगायतको ध्यान नपुग्नु। त्यसमा लापरवाही गर्नु र जुन खालको प्रतिबन्ध लाउने खालको कदम उठाइएको थियो। त्यो कदमको विरुद्ध एउटा खालको सामुहिक विद्रोहको रुपमा गएको थियो। स्वतःस्फूर्त मान्छेहरू आएका थिए। त्यो कसैको नियन्त्रण भन्दा बाहिर हुने परिस्थिति थियो। त्यो परिस्थितिको आकलन गर्न सकेन। त्यो गम्भीर त्रुटि हो। तत्कालीन सरकारको भन्ने लाग्छ।

दोस्रो दिनको घटनाको बेलामा पनि म सिंहदरबार भित्रै थिए। हाम्रो पार्टीको आदरणीय अध्यक्ष माधव नेपाल लगायतका प्रमुख प्रतिपक्षी दलको मिटिङ रहेछ। म ठ्याक्कै १० बजे सिंहदरबारको कार्यालयमा आइसकेको थिए। म बाहिर आउँदै गर्दा घरबाट निस्केर बाहिर आउँदै गर्दा खेरी बाटोमा सबै मान्छेहरू आक्रोशसित थिए। गृहमन्त्रीलाई मार्नुपर्छ, प्रधानमन्त्रीलाई मार्नुपर्छ, नेताहरूलाई मार्नुपर्छ अब यो संसद भवन जलाउनु पर्छ भन्ने खालको आवाज बुढा पाखा देखि लिएर युवा, बच्चा सम्म त्यो आवाज थियो। म सुन्दै सुन्दै आइराखेको थिए। करिब १५,२०,५० जना मान्छेहरूसँग मेरो भेटघाट भइराखेको थियो र त्यो बानेश्वर तिर जुलुस छ। बानेश्वर तिर प्रहरी र आन्दोलनकारीको बीचमा झडप

हुन लागिराखेको छ। तपाई त्यो बाटो नजानुस भनेर मान्छेहरूले भनिराखेका थिए। तर म युनिफर्ममा मा थिएन, लोगो लगाको थिएन। सामान्य ढङ्गले आइराखेको कारणले गर्दा खेरी त्यहाँको परिस्थिति हेर्दै बुझ्दै आइराखेको थिएन। जब सिंहदरबार भित्र आए भित्र आइसकेपछि हाम्रो पार्टीको आदरणीय अध्यक्ष कमरेड प्रचण्डको घरमा तोडफोड सुरु भइसकेको थियो। त्यो सूचना आइराखेको थियो। यता बालकोट तिर पनि तोडफोड भइराखेको छ भन्ने सूचना आइराखेको थियो। बूढानीलकण्ठ पनि तोडफोड भइराखेको छ भन्ने सूचनाहरू आइराखेको थियो। बानेश्वरको संसद भवन जल्न सुरु भयो।

सुरु भइसकेपछि केही आन्दोलनकारीहरू अब सिंहदरबार भित्र प्रवेश गर्ने तयारी गर्दै छन्, भन्ने सूचना आइसकेपछि हाम्रो पार्टीको आदरणीय अध्यक्षले राष्ट्रपतिसँग संवाद गरी राख्नु भएको थियो। राष्ट्रपतिज्यूले सर्वदलीय बैठक बस्नु पर्यो भन्नु भएको थियो। हाम्रो अध्यक्षले के भन्नुभयो भने अहिले सर्वदलीय होइन हामी प्रतिपक्षी दलको मिटिङ बसेर सरकारले प्रधानमन्त्रीले तुरुन्तै राजीनामा दिनुपर्छ। राजीनामा दिइसकेपछि मात्रै परिस्थितिलाई नियन्त्रणमा ल्यान सकिन्छ। अरू बाँकी पछि गरौला भनेर राष्ट्रपतिज्यूलाई भन्नुभयो र प्राइममिनिस्टरलाई राजीनामा दिनको निम्ति तपाईंले भन्नु पर्यो भन्नुभयो एउटा। दोस्रो कुरा के भन्नुभयो भने अब सेनासँग पनि उहाँले प्रधान सेनापतिसँग कुरा गर्नुभयो अब तपाईंले परिस्थिति हाम्रो नियन्त्रण भन्दा बाहिर गइसकेको छ। अब धेरै दुर्घटना हुने र राष्ट्रिय सम्पत्ति र मानवीय क्षति धेरै हुने परिस्थिति जुन बनिराखेको छ। यो परिस्थितिलाई काबुमा लिनको निम्ति प्राइम मिनिस्टरले अब तत्कालै राजीनामा दिनुको विकल्प छैन। तपाईहरूले पनि तपाईंहरूको तर्फबाट यो कुरा अगाडी बढाउनुस् भनिसकेपछि प्रधान सेनापतिले पनि प्राइम मिनिस्टर सँग राजीनामाको कुरा गरेको। त्यो सूचना पनि हामी कहाँ आइराखेको। पछि फेरी सिंहदरबार भित्र पनि आन्दोलनकारीहरू आउँदै छन् भनिसकेपछि पार्टी अध्यक्ष र नेताहरू अब कहाँ जाने भन्ने भो घर उता आगो लाउने र तोडफोड सुरु भा छ। बाहिर जाने परिस्थिति पनि छैन। त्यसपछि अनि सुरक्षा निकायसँग समन्वय गरेर हाम्रो नेताहरू यता आर्मीको गण भित्र जानुभयो। म पनि निस्केर यो बानेश्वरको बाटो हेर्दै हेर्दै जाँदै गर्दा खेरी सिंहदरबार भित्र दक्षिण गेटबाट पस्ने ठुलो टिम थिए। त्यही उसको भाटभटेनीको आसपासमा २०,३० जना केटाहरू अलि शंकास्पद ढङ्गले भेला हुँदै गइराखेका थिए।

त्यसपछि दक्षिण गेटबाट सानो टिम र पश्चिम गेटबाट अलि ठुलो टिम पसेर सिंहदरबार जसरी विध्वंसात्मक हिसाबले जलाउने काम भयो। यसको हामीले रक्षा गर्न सक्ने यो ऐतिहासिक सम्पत्ति हो। यहाँ थुप्रै ऐतिहासिक दस्तावेजहरू थिए। यो राष्ट्रको सम्पत्ति हामीले जोगाउन सकेनौं। भोलिपल्ट म आएर हेर्दा खेरी मलाई मनमा कस्तो आयो भने अब यो बनाउने कुरा त सेकेन्डरी कुरा हो। यसलाई

हामीले संग्रहालय बनाएर अब जेनजी आन्दोलनले एउटा उपलब्धि हासिल गर्यो भन्ने खालको सन्देश दिने गरेर एउटा आम्दानीको स्रोत पो बनाउने हो कि भन्ने जस्तो मनमा आएर मैले साथीहरूलाई त्यहाँ भने पनि। अब यसो गर्दाखेरि राम्रो हुन्छ कि भनेर मैले भनेको थिए। अब जुन परिस्थितिको बीचबाट देश अगाडि बढिराखेको छ। यसलाई हल गर्नको निम्ति हामी चुनाव तिर देश गइराखेको जुन परिस्थिति छ। अब म के चाहन्छु भने अहिले व्यक्तिगत टिका टिप्पणी भन्दा पनि राष्ट्र निर्माणको साझा एजेन्डा के हुन सक्छ। राजनीतिक पार्टीको सहि दृष्टिकोण के हुन्छ ? यहाँ नायक खोज्ने विचार विहीन नायकले त देश बनाउन सक्दैन। विचार सहित चिन्तन सहितको एजेन्डा र योजना सहितको नायक चाहियो। त्यस्तो खालको नायक निर्माणको लागि अब हामीले एउटा स्वस्थ प्रतिस्पर्धाबाट सहयोग ढङ्गले। एउटा अर्को मेरो भनाइ के छ भने यो मिलीजुली शासनको अन्त्य गर्ने भूमिकामा यो (.....समय सकिएको।)

(१४:४३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब विधान व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई "चलचित्र विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:४४ बजे) **माननीय विधायन व्यवस्थापन समितिका सभापति श्री तुलसा कुमारी दाहालः-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको सम्वत् २०८२ साल साउन १४ गते बसिएको बैठकले राष्ट्रिय सभामा उत्पत्ति भएको चलचित्र विधेयक २०८१ माथि दफाबाट छलफलको लागि यस समितिमा पठाएको थियो। यस विधेयक उपर ३० जना माननीय सदस्यहरूले १८९ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो। प्राप्त संशोधन प्रस्ताव सहित विधेयक माथि सम्वत् २०८२ साल मंसिर ३ गते सैद्धान्तिक छलफल भएको थियो। तत्पश्चात् विज्ञ र सरोकारवालासँग समितिले छलफल गरी दफाबार छलफल प्रारम्भ गरेको थियो। यस विधेयकको कार्यसूचीमा आधारित भएर समितिका कुल १५ वटा बैठक बसेका थिए। प्रस्तुत विधेयकले चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरन्जनात्मक उद्योगको रुपमा विकास गर्न, चलचित्रका माध्यमले देशलाई पर्यटन गन्तव्यको रुपमा अगाडी बढाउन, चलचित्र प्रदर्शन गर्नु अघि चलचित्र वर्गीकरण र प्रमाणीकरण गर्ने व्यवस्था गर्न चलचित्रलाई कलात्मक शिक्षा प्रद र सिर्जनशील बनाउन तथा प्रतिस्पर्धी प्रविधिको विकास मार्फत चलचित्रको विकास विस्तार र प्रवर्धन गर्न र नियमन गर्ने उद्देश्य लिएको छ। समितिका बैठकहरूमा

विधेयक प्रस्तुतता, माननीय मन्त्री, संशोधन कर्ता, माननीय सदस्यहरू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध कर्मचारीहरू, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बद्ध कर्मचारीहरू, सरोकारवाला सरोकार लगायतका व्यक्तिहरूको उपस्थित रहेको थियो। ५३ वटा दफामा रहेको यस विधेयकमा प्रतिवेदनले प्रस्तावना सहित ४२ वटा दफामा संशोधन गरी विधेयकलाई परिमार्जन गरेको छ। प्रतिवेदनले नेपाल चलचित्र विकास बोर्डको अध्यक्ष सिफारिस गर्न सिफारिस समिति सम्बन्धी प्रतिबन्ध थप गरेको छ। त्यसका अतिरिक्त बोर्डको स्वायत्तता कायम गर्नका साथै सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकार समावेशी सिद्धान्त बमोजिम सदस्यको मनोनयन सम्बन्धी व्यवस्थाहरू थपिएका छन्। साथै यस ऐन प्रारम्भ हुने समय बोर्डको गठन काम, कर्तव्य र अधिकार चलचित्रको वर्गीकरण र प्रमाणीकरण जरिवाना सम्बन्धी व्यवस्थामा संशोधन गरी विधेयकलाई थप परिष्कृत गरेको छ। यस विधेयक माथि विभिन्न चरणमा भएका औपचारिक, अनौपचारिक छलफलहरूमा सहभागी हुनुका साथै प्रतिवेदन लेखन समेतमा सहयोग गर्नु हुने सम्बद्ध पक्ष सबैलाई धन्यवाद व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समिति द्वारा सम्वत् २०८२ साल माघ १२ गते पारित चलचित्र विधेयक २०८१ सम्बन्धी प्रतिवेदन यस सम्मानित सदन समक्ष पेश गर्दछु। धन्यवाद।

(१४:४७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू अब संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति सोनाम गेल्जेन शेर्पालाई संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:४८ बजे) **माननीय संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति श्री सोनाम गेल्जेन शेर्पाः**- सम्माननीय अध्यक्ष महोदय, कानुन निर्माण सरकारको निगरानी र जनताको प्रतिनिधित्व गर्ने संसद र यसका संसदीय समितिले सरकारको काम कारबाहीको अनुगमन मूल्याङ्कन गरी राय, सुझाव र निर्देशन सरकारलाई सभापति र जनता प्रति उत्तरदायी बनाउने दायित्व हाम्रो समक्ष रहेको छ। राष्ट्रिय सभा नियमावली २०७५ को नियम १४७ को उपनियम १ बमोजिम राष्ट्रिय सभा अन्तर्गत रहेको ४ वटा विषयगत समितिहरू मध्ये संघीय सबलीकरण तथा राष्ट्रिय सरोकार समिति एक महत्त्वपूर्ण

समिति हो। यस समितिको कार्यक्षेत्रका विषय सम्बद्ध निकाय काम कारबाही माथि समितिले निगरानी अनुगमन मूल्याङ्कन गरी निर्देशन दिँदै आएको साथै सरकारको काम कारबाहीमा आवश्यक समन्वय र सहजीकरण गर्दै आएको छ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली २०७५ को नियम १५९ को उपनियम ४ को व्यवस्था बमोजिम आज म संघीय सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको ७औं वार्षिक प्रतिवेदन, यस सम्मानित सभामा पेश गर्न उपस्थित भएको सन्दर्भमा समितिका वार्षिक काम कारबाहीको संक्षिप्त विवरण यस सम्मानित सभा हलमा जानकारी गराउन चाहन्छु। समितिले विगत वर्षहरूमा जस्तै यस वर्ष पनि आफ्नो कार्यक्षेत्रका विषयमा निरन्तर छलफल निगरानी गर्ने तथा आवश्यक निर्देशन दिइनुका साथै आम नागरिकको चासोको विषयमा समेत निरन्तर खबरदारी गरी रह्यो। समितिका विषय छलफल गरी ध्यान आकर्षण गरेका विषयका उपभोक्ताहरूको हक हितको समक्ष डेँङ्गु, हैजा लगायत समग्र स्वास्थ्य क्षेत्रको सुधार, राष्ट्रिय गौरव आयोजनाहरूको कार्यान्वयन प्रगति संविधानमा उल्लेखित अन्य आयोगहरूको पुनरवलोकन, संवैधानिक आयोगको प्रतिवेदन, नेपालमा न्यायिक संगीतको अवस्था, सामाजिक न्याय एवं सामाजिक सद्भाव, पिछडिएको क्षेत्रको विकास, नेपालको शान्ति प्रक्रिया र संक्रमण कालीननीय, नेपालमा वित्तीय संघीयताको अवस्था लगायतका रहेका छन्। यस विषयमा माननीय मन्त्रीहरू, सम्बन्धित निकायको पदाधिकारी, विषय विज्ञ, सरोकारहरूसँग छलफल गर्नुको साथै समस्याहरूको सम्बोधन गर्नको लागि सरकारको ध्यान आकर्षण गराएको थियो।

सम्माननीय अध्यक्ष महोदय, समितिले निर्देशन दिएका केही विषय यहाँ राख्न चाहन्छु। मूल्यवृद्धि, कृतिम अभाव, कालो बजारिया नियन्त्रण गर्न, संक्रमणका रोगको रोकथाम, निदान उपचार र नियन्त्रण प्रभावकारी रुपमा गर्न विपत जोखिम न्यूनीकरण विपत प्रतिकार्य र विपत पुनः लाभको कार्यहरू समन्वय र सहकार्यमा प्रभावकारी रूपले व्यवस्थापन गर्न, एकीकृत निर्वाचन सम्बन्धी विधेयक गुठी सम्बन्धी कानुनलाई संशोधन तथा नयाँ विधेयक तर्जुमा गरी संघीय संसदमा पेश गर्न, राष्ट्रिय गौरवका आयोजनाहरूमा आवश्यक पर्ने जग्गा प्राप्ति गर्न, EIA सम्बन्धी कार्य छोटो सम्पन्न गर्न, स्रोत सुनिश्चित गर्न, जनशक्ति व्यवस्थापन गर्न निर्देशन दिएको थियो। यसैगरी महाकाली सिँचाई आयोजनको मूल नहर निर्माण सम्पन्न भइसकेकोले सञ्चालनमा ल्याउन जलवायु परिवर्तनका कारण हिउँ पग्लिने, हिउँ पहिरो जाने,हिमताल फुट्ने जस्ता प्राकृतिक विपतको जोखिम न्यूनीकरणको लागि जोखिम क्षेत्र पहिचान र विपत पूर्व सूचना प्रणाली जडान, उद्धार टोली गठन, अनुकूलता प्रतिकार्य, क्षति व्यवस्थापन, सगरमाथा क्षेत्रमा आगमनको लागि नियमित हवाई उडानको सुनिश्चित र कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणको

लागि आवश्यक व्यवस्थापन गर्न, कालीगण्डकी, तिनाउ नदी पथान्तर आयोजनको सम्बन्धमा भएका विरोधको समस्या निराकरण गर्न, स्थानीय र प्रदेशमा जग्गा प्राप्ति र भोक अधिकारको सम्बन्धमा समस्या समाधान गर्न, सरकारको कार्य विस्तृतीकरण परिमार्जन गर्न, राष्ट्रिय सामान्य परिषद लगायतका सामान्य कार्य षडयन्त्र क्रियाशिल बनाउन समितिले सम्बन्धित निकायलाई निर्देशन दिएको थियो। यस समितिको कार्यक्षेत्रमा रहेको राष्ट्रिय गौरव आयोजनको स्थलगत विगत अनुगमको सम्बन्धमा आर्थिक वर्ष २०८१/०८२ मा विद्युत प्रसारण आयोजना र उत्तर दक्षिण कालीगण्डकी कोरिडोर लोक मार्ग, पाल्पा खण्ड, लुम्बिनी क्षेत्र विकास कोष, गौतम बुद्ध अन्तरराष्ट्रिय विमान स्थल, बबई सिँचाई आयोजना, भेरी बबई डाइभर्सन, बहु उद्देश्य आयोजना, महाकाली सिँचाई आयोजना, उत्तर दक्षिण कोशी कोरिडोर लोक मार्ग, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, रेलवे तथा मेट्रो विकास आयोजना, गिरिजा प्रसाद क्रिकेट रंगशाला, गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको स्थल अनुगमन साथ सहित छलफल र अन्तरक्रिया गरेको थियो। यसैगरी विधान व्यवस्थापन समितिको संयुक्त आयोजनामा मधेश प्रदेशमा संघीय सबलीकरण तथा विधान अन्तर सम्बन्ध विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। समितिले अन्तर तह समन्वयको अवस्थाको सम्बन्धमा तानसेन नगरपालिका खुम्बु पासाङल्हामु गाउँपालिका, भरतपुर महा-नगरपालिकासँग छलफल र अन्तरक्रिया गरेको थियो। प्राकृतिक स्रोत र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा सगरमाथा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सगरमाथा प्रदूषण नियन्त्रण समिति, एसपिसीसी खुम्बु बिजुली कम्पनी, चितवन राष्ट्रिय निकुञ्ज लगायत सँग छलफल र अन्तरक्रिया गरेको थियो। सम्पदा संरक्षणको सम्बन्धमा लुम्बिनी, पाल्पामा भइरहेको सम्पदाहरू र देवघाट क्षेत्र विकास समिति लगायतसँग छलफल र अन्तरक्रिया गरेको थियो। स्थलगत अनुगमन सरोकार वर्गसँग गरेको छलफल र अन्तरक्रिया र समितिको बैठकमा सम्बन्धित मन्त्रालयका पदाधिकारिहरूसँग छलफल भइ समस्यालाई समाधान गर्न समितिले सम्बन्धित निकायलाई आवश्यक सुझाव पठाएको थियो। समितिको कार्यक्षेत्रका विषयमा निरन्तर निगरानी गर्न तत्काल निर्देशन दिन पर्ने विषय भएमा समितिमा सिफारिस गर्न सक्ने गरी अध्ययन गर्नको लागि माननीय उदय बहादुर बोहरा, माननीय किरण बाबु श्रेष्ठ, माननीय जग प्रसाद शर्माको संयोजक तत्वमा ३ वटा उपसमितिहरू गठन भइ उपसमिति मार्फत समेत समितिले कार्य सम्पादन गरेको थियो।

सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१/०८२ मा समितिको ४५ वटा बैठक बसेको एवं समिति अन्तर्गत गठित उपसमितिहरूका १९ वटा बैठक बसेका थिए। यसै क्रममा समितिको वार्षिक कार्य योजना पारित भएको र समय समयमा कार्य सम्पादनको समीक्षा समेत गरिएको

थियो। समितिको प्रकाशन, सरोकार दर्पण पुस्तक राष्ट्रिय सभा सम्मानित अध्यक्षज्यूबाट विमोचन पनि भएको थियो। समितिले सरकारका सम्बन्ध पदाधिकारीहरू, राष्ट्रिय सेवक, कर्मचारी विज्ञ, सरोकार पक्षसँग छलफल स्थगित अनुगमन, अन्तरक्रिया कार्यक्रमहरू नेपाल सरकारलाई दिएको निर्देशन, निर्देशनको कार्यान्वयनको अवस्था समितिले हासिल गरेका उपलब्धिहरू, कार्य सम्पादनको क्रममा समितिले सामना गरेका चुनौती तथा समस्या र सुझावहरू समेटेर वार्षिक प्रतिवेदन तयार भएको छ।

अन्त्यमा समितिको कार्य सम्पादनको क्रममा समितिलाई आफ्नो अमूल्य सल्लाह, सुझाव, मार्गदर्शन, अभिभावकत्व एवंम् हौसला प्रदान गर्नु हुने राष्ट्रिय सभाका सम्मानित अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु। समितिका काम कारबाहीमा सहयोग गर्नु हुने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, समितिका काममा समन्वय पुर्याउनु हुने संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालयका सचिवहरू, सम्बन्धित मन्त्रालय निकाय आयोजनाका पदाधिकारीहरू सचिव, समिति सचिव र समिति सचिवालयका कार्यरत कर्मचारीहरू समितिको कार्यलाई प्रत्यक्ष रुपमा महत्त्वपूर्ण सहयोग पुर्याउनु हुने सम्बन्धित क्षेत्रका विज्ञहरू, राष्ट्रिय सेवा कर्मचारीहरू, सुरक्षाकर्मीहरू, सरोकार पक्ष सञ्चारकर्मी,पत्रकार लगायत सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदय समितिको २०८२ साल असोज ५ गतेको बैठकबाट पारित संघीय सबलीकरण राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन राष्ट्रिय सभा नियमावली २०७५ को नियम १५९ को उपनियम ४ को व्यवस्था बमोजिम सम्मानित अध्यक्षज्यूको अनुमतिले यस सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

**(१४:५७ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल माघ १४ गते बुधवार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यही स्थगित हुन्छ।

(तदन्तर अर्को बैठक २०८२ साल माघ १४ गते बुधवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरि यो बैठक यही स्थागित भयो।)

**स्थागितः १४:५७ बजे**